वर्ष : २०, अंक : १७, काठमाडौं, २०८१ भाद्र २१ गते शुक्रबार, 6 September, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित —— www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## भिषण आन्दोलन गर्ने उपेन्द्र यादवको चेतावनी



जनकपुरधाम । जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेश आन्दोलनबाट प्राप्त उपलब्धिलाई समाप्त पार्ने प्रयास गरिए मुलुकलाई भिषण आन्दोलनको सामना गर्नु पर्ने चेतावनी दिएका छन् । जसपा, नेपालको आधार संगठन निर्माण अभियानअन्तर्गत शनिबार जनकपुरधाममा आयोजित अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले मधेश आन्दोलनले स्थापित गराएको समानुपातिक समाबेशी प्रणालीलाई समाप्त पार्ने षड्यन्त्र गरिए जसपाले आन्दोलनको आँधीबेहरी ल्याउने चेतावनी दिएका हुन् ।

समानुपातिक समाबेशी प्रणालीले बिभेदमा परेका समुदाय बर्गको पहुँच शासन सत्तामा पुगेको उल्लेख गर्दै अध्यक्ष यादवले शासन सत्तामा उपेक्षित बर्गको पहुँच ठुला दलहरूले पचाउन नसकेर षडयन्त्र गर्न थालेको आरोप लगाए ।

जसपा नेपालको आधारभुत संगठन निर्माण अभियान आन्दोलनको पहिलो खुड्किलो रहेको उल्लेख गर्दै अध्यक्ष यादवले दोश्रो चरणमा वडा देखि प्रदेश सम्मको अधिबेशन सकेर तेस्रो चरणमा आन्दोलनको शंखनाद हुने उद्घोष गर्नु भयो । शोषित पीडित बर्ग अझै अधिकार सम्पन्न हुन नस्केको उल्लेख गर्दै अध्यक्ष यादवले आन्दोलनको विकल्प नरहेको बताउनु भयो ।

एक फरक प्रसंगमा अध्यक्ष यादवले नेपाली कांग्रेस र कम्युनिष्टले देशको कयापलट गर्छु भन्नू हस्यास्पद रहेको बताउदै कांग्रेस र कम्युनिष्ट मिलेरै देशलाई खोक्रो बनाएको आरोप लगाए । बहुदलीय व्यवस्था आएको ३५ वर्षमा ३० वर्षभन्दा बढी समय कांग्रेस र कम्युनिष्ट मिलेर देश चलाएको उल्लेख गर्दै उनले विकासका हरेक सूचक ध्वस्त हुनुमा कांग्रेस र कम्युनिष्ट नै दोषी रहेको बताए । यो अवधिमा देशको शैक्षिकस्तर, कृषिको अवस्था तथा औद्योगिकीकरण लगायतका सबै क्षेत्र ध्वस्त हुँदै जाँदा देश नै खोक्रो भएको उनको भनाइ छ ।

उनले भने, 'कांग्रेस तथा कम्युनिष्टहरुको शासनकालमा देशमा शिक्षा बर्बाद भएको छ, किसानहरु कृषि पेशाबाट पलायन भएर वैदेशिक रोजगारमा जान बाध्य भएका छन्, लाखौं नेपाली नागरिकलाई रोजगारी दिएको उद्योग कलकारखाना ध्वस्त भएका छन् । अहिले पनि दलित समुदायको साथमा न्याय भएको छैन । अहिले पनि दलित, महिला, आदिवासी, जनजाति, मुस्लिम, थारु समुदायलाई यथोचित न्याय हुन सकेको छैन । अहिले पनि यो वर्ग राज्यबाट अपहेलित र अपमानित छ ।

## स्वराज आन्दोलनका प्रथम शहीद राम मनोहरको पुण्यतिथि मनाइयो



काठमाडौं । डा.सीके राउत जनमत पार्टीले स्वराज आन्दोलनका प्रथम शहीद राम मनोहर यादवको ७औं पुण्यतिथि मनाएको छ ।

काठमाडौंको मध्यबानेश्वरस्थित जनमत पार्टीको केन्द्रीय सम्पर्क कार्यालयमा शनिबार स्वराज आन्दोलनका लागि प्रथम शहीद यादवको पुण्यतिथि तथा स्मृति दिवस मनाइएको हो ।

जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष एवं प्रतिनिधिसभा सदस्य अब्दुल खान, राष्ट्रिय उपाध्यक्ष ई.दीपक कुमार शाह, पार्टीकी प्रमुख सचेतक अनिता देवी साहलगायत पार्टीका नेता तथा कार्यकर्ताहरुको उपस्थितिमा पुण्यतिथिमा तथा स्मृति दिवसको दिन श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

शहीद राम मनोहर यादवको सहादत दिवस - तत्कालीन् मन्त्रीलाई बर्दिया जिल्लाको एउटा कार्यक्रममा प्रश्न सोध्न आएको भन्दै मन्त्रीको निर्देशनमा प्रहरीद्वारा पक्राउ गर्न लगाई हिरासतमा चरम यातना दिँदा वि.सं.२०७५ साल भाद्र १५ गते उनको हिरासतमै मृत्यु भएको थियो ।

# मधेशी दलहरुविरुद्ध भण्डाफोर गर्ने चेतावनी

काठमाडौं । मधेश जनजागरण अभियानले मधेशको मुद्दाप्रति मधेशी दलहरु असंवेदनशील र गैरजिम्मेवार भएको आरोप लगाएको छ । अभियानले मधेशी दलहरुलाई मधेशको मुद्दाप्रति गम्भीर आग्रह गर्दै खबरदारीसमेत गरेको छ ।

अभियानले आइतबार काठमाडौंस्थित मधेश मिडिया हाउसमा 'मधेशको मुद्दाप्रतिम धेशी दलहरुको उदासीनता किन ?' विषयक पत्रकार सम्मेलन गरी मधेशी दलहरुलाई खबरदारी गरेको हो ।

अभियानले पत्रकार सम्मेलनमा जारी गरेको विज्ञप्तिमा भनेको छ, 'नेपाल सरकार र मधेशी पार्टीहरुबीच विगतमा भएका सम्झौताहरुको कार्यान्वयनमा देखिएको ढिलाइप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । सम्झौता कार्यान्वयनको प्रक्रियामा देखिएको यस प्रकारको असंवेदनशीलता र गैरजिम्मेवारीले देशको संघीय लोकतान्त्रिक प्रणालीप्रतिम धेशी जनताको विश्वासमा गम्भीर असर परेको छ ।'

मधेशी समुदायका हकअधिकार सुनिश्चित गर्नका लागि सम्झौतामा उल्लेखित बुँदाहरुको समयमै कार्यान्वयन अत्यावश्यक रहेको भन्दै अभियानका नेताहरुले यी सम्झौताहरुलाई अझै पनि पूर्णरुपमा कार्यान्वयन गर्न नसक्नु मधेशी दलहरुको इच्छाशक्ति र प्रतिबद्धतामाथि गम्भीर प्रश्नचिन्ह खडा गरेको टिप्पणी गरेका छन् ।




**पत्रकार सम्मेलनमा अभियानका संयोजक रंजीत कुमार झाले** अभियानको तर्फबाट यस विषयमा गम्भीर चिन्ता व्यक्त गर्दै मधेशी दलहरुलाई सम्झौताका सबै बुँदाहरुलाई तत्काल कार्यान्वयनमा ल्याउन जोडदार माग गरेका छन् । उनले सम्झौताका बुँदाहरुमा स्पष्टरुपमा उल्लेख भएका संघीयता, समानुपातिक प्रतिनिधित्व, समावेशीकरण र मधेशी जनताका अधिकारहरुको पूर्ण सुनिश्चितताका लागि मधेशी दलहरुले तुरुन्तै आवश्यक कदम चाल्नुपर्ने आग्रह गरे ।

उनले सबै दल र सरोकारवालाहरुलाई यस विषयमा गम्भीरतापूर्वक ध्यान दिन र जनताका पक्षमा रहेको सम्झौताका बुँदाहरुलाई तत्काल कार्यान्वयनमा ल्याउन आह्वान गरेका छन् । उनले मधेशीहरु मुद्दाबाट विचलित भई ठूला दलहरुको पुच्छर भएको आरोप लगाए । 'मधेशी दलहरु ठूलाका पुच्छर भए, सीके राउतले स्वतन्त्र मधेशको कुरा गरेका थिए, कहाँ गए स्वतन्त्र मधेश ?' उनले आक्रोश पोख्दै भने, 'जसपा माओवादीको पुच्छर, लोसपा कांग्रेसको पुच्छर र जनमत पार्टी एमालेको पुच्छर भएका छन् ।'

मधेशी दलले मधेशी जनताका लागि नभई आफ्नो परिवार र विदेशीका लागि काम गर्दै आएको आरोप लगाए । उनले मधेशी दलहरुले २२ जिल्लाको मधेशलाई आठ जिल्लामा सीमित गरेको आरोप लगाउँदै भने, 'मधेशी दलहरुले मधेशी जनतासँग माफी माग्नुस्, तफाइँहरु आफ्नो व्यवहारमा सुधार ल्याउनुस्, नभए यसको परिणाम भयावह हुनेछ ।' केही दलाल मधेशी नेताहरुका कारण मधेशको स्वाभिमान खसेको भन्दै अब मधेशी दलहरुकै विरुद्ध आन्दोलन गर्नुपर्ने अवस्था आउन लागेको उनले जिकिर गरे ।

संयोजक झाले मधेशी दलका नेताहरुलाई नै मधेशवाद के हो भन्ने कुरा थाहा नभएको बताए । उनले मधेशी दलहरुका लागि मधेशवाद भनेको कांग्रेस, एमाले र माओवादी चाप्लुसी गर्ने मात्र रहेको आरोप लगाए । 'मधेशी दलका नेताहरुलाई मधेशवादको पाठ पढाउन हामी तयार छौं । उहाँहरु सुध्रिनुहुन्छ भने सुध्रिनुस्, होइन भने आगामी परिणामका लागि तयार हुनुस्,' उनले भने ।

यसैगरी, पत्रकार सम्मेलनमा अभियानका नेता डा.आदर्श नागवंशीले मधेशी जनता मधेशी दलबाट पनि पीडित रहेको बताएका छन् । उनले भने, 'हामी गैरमधेशी दलहरुबाट त पीडित छँदैथियौं, मधेशी दलहरुबाट पनि पीडित हुँदै आएका छौं । हामीले मधेश जनजागरण अभियान (त्रिनेत्र)मार्फत सचेत गराउन चाहन्छौं ।'

कार्यक्रममा अभियानका नेताहरु प्रकाश कट्टारी, पंकज देव, भरत सहनी लगायतका वक्ताहरुले मधेशी दलहरुलाई सुध्रिन आग्रह गरेका छन् । ती वक्ताहरुले आगामी दिनमा मधेशी दलहरु सुध्रिएन भने ती दलहरुकै विरुद्ध मधेशमा भण्डाफोर गर्ने र आन्दोलनसमेत गर्ने चेतावनी दिएका छन् । मधेश जनजागरण अभियानले विगतमा मधेशी दलहरुले सरकारसँग गरेका सम्झौताहरुबारे स्मरणपत्र बुझाएका थिए । त्यसबारे मधेशी दलहरु कुनै किसिमको गम्भीरता नदेखाएको भन्दै पत्रकार सम्मेलन गर्न बाध्य भएको बताएका थिए ।

## संयुक्त मधेश संघर्ष समितिले ३१ गते खबरदारी सभा गर्ने

जनकपुरधाम । संयुक्त मधेश संघर्ष समितिले आगामी भाद्र ३१ गते जनकपुरधाममा खबरदारी सभा आयोजना गर्ने निर्णय गरेको छ । भाद्र १८ गते मंगलबार सम्पन्न संयुक्त संघर्ष समितिको बैठकले सो निर्णय गरेको हो ।

बैठकमा तराई-मधेश लोकतान्त्रिक पार्टीको अध्यक्ष वृषेश चन्द्र लाल, वरिष्ठ नेता डा. विजय कुमार सिंह, मधेश राष्ट्रिय मुक्ति मोर्चाको संयोजक जगत प्रसाद यादव, एकीकृत समाजवादी पार्टीको नेता शीतल झा, नेपाल सद्भावना पार्टीको महामन्त्री पवन कुमार साह, जनअधिकार पार्टीको अध्यक्ष इमदाद गड्डी लगायतका जोगेन्द्र राय, सतीश लाल दास, सुभाष कर्ण, बिभा ठाकुर, बिन्दु




ठाकुर, बिमला साह, भोलानाथ झा, मुरारी कर्ण, इश्वर पण्डित, आदि नेताहरुको उपस्थिति थियो ।

तराई-मधेश लोकतान्त्रिक पार्टीको प्रचार विभाग प्रमुख उमेश कुमार मण्डल अनुसार "२०८१ भाद्र ३१ गते संयुक्त मधेश संघर्ष समितिले जनकपुरधामको कलवार कुटीमा दिउँसो १ बजे 'मधेश र संविधान संशोधन: हाम्रो खबरदारी' माथि केन्द्रित रहेर खबरदारी सभा गर्नेछ ।"

संयुक्त मधेश संघर्ष समितिले मिति २०८१/०४/०४ गते प्रकाशित प्रेस विज्ञप्ति मार्फत प्रदेशहरुलाई निर्वाचन क्षेत्र मानी पूर्ण समानुपातिक निर्वाचन पद्धति, प्रदेशहरुको सीमाङ्कनमा पहिचान आधारित सुधार, अनुचित थ्रेसहोल्डको समाप्ति, प्रदेश र स्थानिय तहको प्रतिनिधि सदन राष्ट्रिय सभा को भूमिकामा अझ मजबूती, संघीय संरचनामा प्रदेशिक स्वशासनको सुदृढताको निमित्त प्रादेशिक राजनीतिक दलहरुको मान्यता, भ्रष्टाचारमाथि कारगर नियन्त्रण र सुशासनको सुनिश्चितता जस्ता मांगहरु अघि सारेको छ । समितिले सबै पहिचानवादी संघीयतावादीहरुलाई गोलबन्द हुन आह्वान समेत गरेको छ ।

## ५१% सहभागिताका लागि महिला मोर्चाले आन्दोलन गर्ने

काठमाडौं । आम जनता पार्टी (आजपा) निकटको आम महिला मोर्चाको केन्द्रीय कमिटी पुर्नगठन भएको छ । काठमाडौंमा शनिबार सम्पन्न एक भेलाबाट मोर्चाको अध्यक्षमा कुमारी बबिता सर्वसम्मत चयन भएकी छन् ।

बबिताको अध्यक्षतामा ७६ सदस्यीय महिला मोर्चाको केन्द्रीय कमिटी गठन भएको हो । भेलाले देशमा रहेको जनसंख्याको आधारमा राज्यको हरेक तह र निकाय ५१ प्रतिशत महिलाको सहभागिता हुनुपर्ने माग समेत गरेको छ ।

मुलुकमा भएको हरेक आन्दोलनमा महिलाहरुको सहभागिता रहेको भए पनि महिलालाई ३३ प्रतिशतमा सिमित राख्नु न्यायसंगत नभएको अध्यक्ष बबिताले जनाएकी छन् । यस्तै महिलाको हकअधिकार एवं महिला हिंसाको बिरुद्धमा देशव्यापी बिभिन्न संघर्षका कार्यक्रम



गर्ने मोर्चाले निर्णय गरेको छ । 'सरकार, व्यवस्थापिका, न्याय, आयोग, सेना, प्रहरी, कर्मचारी देखी राज्यको हरेक अंग र निकाय जनसंख्याको आधारमा महिलाको सहभागिता ५१ प्रतिशत हुनुपर्छ । सरकारले हाम्रो माग सम्बोधन नगरे यसका लागि हामी बाध्य भएर आन्दोलनमा उत्रिन्छौं' महिला मोर्चाकी अध्यक्ष बबिताले भनिन् ।

भेलाले उपाध्यक्षमा रुपसागर उपाध्याय, रन्जुकुमारी साह, हेमादवी साह, सावित्री चौधरी, चन्दाकुमारी साह, महासचिवमा सिमा जयसवाल, उपमहासचिवमा सबिता बुढाथोकी, रिना पटेल, सचिवमा देवकुमारी साह, सकिना खातुन, सुनिता महतो, विभा साह, मंजु कुशवाहा र कोषाध्यक्षमा मिनादेवी साह सर्वसम्मत चयन भएका छन् ।

यसैगरी सदस्यहरुमा फुलबदन देवी, सिवानी साह, किरण यादव, आशादेवी कानु, पुजा कुशवाहा, सोविता गोतामे, हरिकला देवकोटा, रेखा साह, कोशिला देवी साह, डा.स्रष्टा कौशित, मधु चौधरी, ममता चौधरी, कनन सिंह (ममता साह), प्रेमा देवी साह, पुजा गुप्ता, श्रीदेवी श्रेष्ठ, उमा सापकोटा, बिमल भुजेल, डम्बर कुमारी सन्कर, घुर्मी देवी खत्वे, सरस्वती तामाङ, सन्ध्या पासवान, उमा तमाङ, पुनम थापा, लक्ष्मी सुनार सविता देवी साह, इन्द्रवती देवी साह, मन्जु राउत, सोनामती राम, अन्जु यादव लगायतका रहेको मोर्चाका इन्चार्ज देवी पण्डित र अध्यक्ष कुमारी बबिताले जारी गरेको बिज्ञप्तीमा उल्लेख गरिएको छ ।

## सम्पादकीय

# स्वार्थपूर्ण षड्यन्त्रमा जेलिँदै मुलुक

नेपाली जनताको ठूलो बलिदानी, कुर्बानी र निरन्तरको संघर्षबाट प्राप्त भएको संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको अस्तित्व समाप्त हुने अवस्थामा देखिदैछ। चौतर्फी यसको खिल्ली उडाउँदै छन् भने समसान घाटमा जलाई सकेको राजसत्ता शुक्राचार्यको संजिवनी बुटीको बलमा राक्षसहरू पुन: जीवित हुने गरेको जस्तै स्वार्थी नेताहरूको स्वार्थपूर्ण षड्यन्त्रबाट जीवित हुने सपना देखिदैछ। उनीहरूलाई बाध्यात्मक बाटोमा हिडाउँदै देशलाई अनिर्णयको बन्दी बनाउँदै लोकतन्त्रलाई समाप्त पार्ने खेल खेलिदैछ। हात्तीको देखाउने दाँत र खाना चपाउने दाँत भिन्न रहेको जस्तै नेताहरूको मनभित्रको कुरा र बाहिरको कुरामा आकाश जमिनको फरक देखिन्छ। जनताको हकहित तथा लोकतन्त्रको स्थायित्वको लागि नेताहरुको प्रतिबद्धता देखिँदैन।

जस्तोसुकै मूल्य चुकाएर पनि हामी लोकतन्त्रको रक्षा गर्छौ भनेर कसम खाने झुटा नेताहरूको भित्री मनसाय र सर्प जस्तो टेढो चाल हेर्दा महाभारतको पात्र तथा दुर्योधनको मामा चालबाज शकुनि भन्दा कम देखिदैन। शब्द जालबाट दुनियाँलाई भ्रमित पार्दै आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्ने क्षमताको काम हाम्रा नेताहरूमा देखिन्छ। नेताहरूको दुष्ट आत्मा र कुबुद्धिका कारण जनताको लोकतन्त्रमाथिको आस्था र विश्वास गुमिदैछ। कमाउने भालू र खाने चालु जस्तो प्रवृति देखिदैछ। राजनीतिक दलहरूको भित्रमा चालू र बेइमान नेताहरूको हुकुमत भएको कारण नै नेपाली जनता अन्याय र अत्याचारको मार खेपिदैछन्। शासनको बागडोर विदेशीको हातमा देखिन्छ भने शासक गुलाम भन्दा माथि उठ्न नसकेको देखिन्छ। बाहिर जतिसुकै ढ्वाँस दिए पनि भित्र गुलामीलाई नै परम कर्तव्य मानेको देखिन्छ। जनताको खुन पसिनाको कर्माबाट एसोआरामका जीवन बिताउने नेताहरू जनताको हकहित तथा राष्ट्र निर्माणको लागि ठोस कदम कहिल्यै चालेन।

राम्रो उद्देश्य, नीति तथा कार्यक्रमको विषय ल्याए पनि कार्यान्वयन पक्ष सफल देखिदैन। नचाहँदा चाहँदै पनि गर्भभित्र आइसकेको बच्चालाई हत्या गर्न पछि नहट्ने हत्यारिनी आमा भन्दा कम गएगुज्रेको नेपाली नेताहरूको छवि देखिदैन। गैर जिम्मेवार कदम उठाउँदै देशलाई अनिर्णयको बन्दी बनाउँदै संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थालाई धरायसी बनाउन, संविधानबाट बनेको संविधानलाई समाप्त पार्न ठूलो षड्यन्त्र गरिदैछन्। आफ्नो व्यक्तिगत तथा दलगत स्वार्थ पूर्ति हुने उद्देश्यबाट प्रतिगामी तत्वलाई बलपुग्ने कार्य गर्न तल्लीन रहेको देखिन्छ। काठमाडौंबाट बाहिर नछिर्ने तथा जनतासँग सिधा सम्पर्क नभएको मालिक जस्तो कठोर व्यवहार गरेर उद्देश्य विपरीत कार्यमा लगाएको देखिन्छ। यस्तो अवस्था रहुञ्जेलसम्म देशले निकाश पाउन नसकिने निश्चित नै देखिन्छ। देशप्रति राजनीतिक दल उदासीन रहेको कारण नै देशमा अशान्ति र अन्यौलको वातावरण छाएको छ।

विगतका इतिहास हेर्दा संस्थापक पक्षको हैकमवादी प्रवृत्ति र आफ्नो विचार मात्र उपयुक्त ठान्ने सोचका कारण नै राजनीतिक दलहरूमा विभाजनको प्रकरणको सुरूवात भएको देखिन्छ। नोकर र मालिक जस्तो कुसंस्कार पार्टीभित्रमा पलाएको र आदेशको पालना हुनुपर्ने चलन चलाएको कारण तथा उद्देश्य विपरीत पार्टीलाई प्रयोग गरेको कारण पार्टीहरू आपसी विभाजनमा परिदै आएको छ।

# राष्ट्रिय मुक्ति क्रान्तिको लहरलाई कसले रोक्न सक्छ ?



सन्तोष मेहता

संविधान जारीको समय अघि र पछि पनि मूलत: मधेशी र आदिवासीहरु संविधानमा आफ्ना असन्तुष्टि राखेर आन्दोलरत रहे। तर मधेशी जनजातिहरु लामो समय देखि नेपालमा आन्दोलनरत रहेको हो। पछिल्लो परिवर्तनको निम्ति भएको मुख्य आन्दोलन भनेको दश वर्षे जनयुद्ध र ०६२-६३ को जनआन्दोलन हो। दुवै आन्दोलनको मिलन बिन्दु १२ बुंदे दिल्ली समझदारी हो। जसमा जातीय क्षेत्रिय विभेदहरु समाप्त गरिने र राज्यको पुन संरचना गरिने कुरा उल्लेख थियो। बिश्वास गरिने आधारहरु थियो। किनभने माओवादीले जनयुद्धमा जनसरकारहरु नै पहिचानमा आधारित बनाएर अभ्यास गरिरहेका थिए। यता सात दल भित्र पनि सदभावना पार्टी ( आनन्दी देबी) थियो जसले सधै मधेशको अधिकार र स्वायत्तको कुरा गरिरहेको थियो। आन्दोलनको ड्राफ़्टमै लेखिसकेपछि उत्पीडित नेपालि जनताले बिश्वास नगर्ने अधार पनि थिएन। त्यसैले उक्त आन्दोलनमा मधेशी आदिवासी जनजातिले खेलेको महत्वपूर्ण भूमिकालाई दलहरूले सत्तामा जानेबित्तिकै बिर्सिए।

आन्दोलनको बेला जन्म-जन्मको हाम्रो साथ छ भन्ने दलहरू कुर्सीमा पुग्ने बित्तिकै तपाई को ? भन्ने अवस्थामा पुगे। अन्तरिम संबिधान घोषणा पश्चात मधेशीहरु सडकमा आए र प्रथम संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा बाध्य भएर दलहरू विरुद्ध जनजातिहरु पनि सडकमा उत्रिनुपर्यो। राज्यले दुवैसंग सम्झौता गर्यो। २०६४ साल साउन २२ गते जनजाति महासंघ र नेपाल सरकारकाबीच २० बुँदे सम्झौता भयो, जसका हस्ताक्षरकर्ता ( सिग्नेटोरिज) महासंघको तर्फबाट डा. ओम गुरुङ थिए भने सरकारको तर्फबाट बर्तमान राष्ट्रपति तथा तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्री रामचन्द्र पौडेल थिए। त्यसैगरी २०६४ भदौ १३ गते मधेशी जनाधिकार फोरम र सरकार बीच २२ बुँदे सम्झौता भएको थियो। सहमतिमा तत्कालीन सरकारको तर्फबाट बर्तमान राष्ट्रपति रामचन्द्र पौडेल र फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले हस्ताक्षर गरेका थिए। त्यो सहमति अपुरो भएपछी त्यसपछि संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र नेपाल सरकारले २०६४ फागुन १६ गते संविधानसभाको पहिलो निर्वाचन अघि ८ बूँदे सहमतिमा हस्ताक्षर गरेका थिए। सम्झौतामा हस्ताक्षर गर्नेहरुमा मोर्चाको तर्फबाट राजेन्द्र महतो, उपेन्द्र यादब र महन्थ ठाकुर थियो भने नेपाल सरकारको तर्फबाट स्वयं प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले हस्ताक्षर गरेका थिए। ति सम्झौताहरु पूर्ण रुपले कार्यान्व्यन गरिएन कार्यान्बयन गराउनकै निम्ति संबिधान निर्माणको क्रममा पनि पटक पटक आन्दोलनहरु भए।

नेपालको मधेशी र आदिवासी जनजाति आन्दोलन भनेको राज्यले लामो समयदेखि गरेको विभेदका कारण जन्मिएको संगठित अभियान हो। नेपालमा मधेशी र आदिवासी जनजातिहरुको आन्दोलनको इतिहास लामो छ। नेपालमा मधेशी र आदिवासीहरुले विद्रोह र आन्दोलन राष्ट्र राज्य निर्माणको क्रममा औपनिवेसिकता, संस्कृतिकरण र आत्मीकरणको विरुद्ध गर्दै आएका छन्। गोर्खाका राजा पृथ्वीनारायण शाह र उनका सन्तानले विभिन्न कालखण्डमा आक्रमण गरी गोर्खा राज्यमा समाहित गरेसँगै गोर्खा राज्य विरुद्धको मधेशी र आदिवासी विद्रोह सुरुवात भयो। ती विद्रोहमा हिंसा र दमनका घटना अस्वाभाविक रुपमा भयो।

०६२-६३ को जनआन्दोलन र लोकतन्त्रको बहालीमा महत्वपूर्ण योगदान र बलिदान गरेका जनजाति र तिनका एजेन्डाहरूलाई पछि महत्वहीन बनाइएको छ। नेपाल भित्र थुप्रै राष्ट्रहरु छन् ति राष्ट्रहरु आधुनिक राज्यहरुमा पनि आफ्नो भूमि, भूक्षेत्र तथा श्रोतहरुमा स्वशासन र आत्मनिर्णयको अधिकारको लागि संघर्ष गरिरहेकै छन्। नेपालका (आदिवासी जाति , मधेशी, खस) राष्ट्रहरुले पनि विगत लामो समयदेखि आन्तरिक औपनिवेशिकताबाट मुक्त हुने तथा आफ्नो भूमिमा स्वशासन र आत्मनिर्णयको अधिकार उपयोग गर्न पाउनु पर्ने दावासहित गरिरहेको संघर्षको जगमा नेपालमा लोकतन्त्र स्थापित भएको हो।

स्वशासन, स्वायत्तता र आत्मनिर्णयको अधिकार, प्रथाजनित कानुन, भूमि-प्राकृतिक स्रोतको सामूहिक अधिकारमा सशक्त दाबी गर्ने तहसम्म यो आन्दोलन आइपुग्यो/। संविधान निर्माणकै समयमा भएको मधेश आन्दोलन तुहाइयो, मधेशी लगायत आदिवाशी सम्मिलित संघीय गठबन्धनको आन्दोलन पनि तुहियो। निश्चित जनसंख्या भएका र आफ्नो थातथलोमा बाहुल्य रहेकाहरुको निम्ति प्रदेशको सिमाङ्कन त गरेनन् नै, संविधानको धारा २९५ मा गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या निर्धारण गर्न सरकारले आयोग गठन गर्ने भन्दै सोही आयोगले त्यसलाई टुंग्याउन निर्देशन गर्यो। आयोग गठन भएको एक वर्षमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को उपस्थितिमा उपप्रधान, संघीय मामिला तथा स्थानीय विकास मन्त्री कमल थापासमक्ष आयोगका अध्यक्ष बालानन्द पौडेलले सो प्रतिवदेन बुझाए। तर अधुरो प्रतिवेदन। तथापि, सरकारले ग्रहण गर्यो। संविधानमै उल्लेख रहेको स्वायत्त र विशेष संरक्षित क्षेत्र पनि बनाइएन। संविधान जारीपश्चात् पनि जनजातिहरुको असन्तुष्टि बेला बेलामा त्यसले आन्दोलनको रुप लिन्छ। जस्तै प्रदेश नं. १ को नाम प्रदेश सभाबाट कोशी नामाङ्कन गरिएपश्चात् पूर्वमा सो नाम सच्चाउन २०७९ फागुन १८ गतेदेखि सङ्घर्ष चल्दै आएको छ। यस आन्दोलनमा राज्यको दमनमा लाजेहाङ लिम्बू (पदम लिम्बू)ले वीरगति प्राप्त गरिसकेका छन्।

काठमाडौं उपत्यकाभित्रै लप्सीफेदीमा जारी प्रतिरोधी आन्दोलन निरन्तर चलिरहेकै छ। अनादि कालदेखि रहेको बस्तीको माझमै सबस्टेशन बनाउने विद्युत प्राधिकरणको ढिपीको प्रतिरोध तामाङलगायत स्थानीयहरू गरिरहे तर उपयुक्त सुनुवाही भएन। जर्सिङपौवामा हाइटेन्सन लाइनले तामाङ समुदायलाई विस्थापित गरे विरुद्धको आन्दोलन होस् या आदिवासी समुदायको प्रथाजनित विवाहसम्बन्धि अभ्यासको मनोमानी जेनेटिक अपराधी व्याख्याविरुद्धको संघर्ष हुन्, ती छुट्टाछुट्टै भएर उपलब्धि हासिल गर्न सकिरहेका छैनन्/।

स्वदेशी/आदिवासी आन्दोलनको रोग रहेको दलीयकरण र एनजीओकरणबाट मुक्त हुनुजरुरी छ।आजको दिनले नेपालका स्वदेशी राष्ट्रहरुमाथि कायम रहेको औपनिवेशिकता अन्त्य गर्दै स्वाभिमान एव आत्मनिर्णयको अधिकार प्राप्तिको लडाइँमा लाग्ने प्रेरणा स्वदेशी राष्ट्रहरुको युवामा जाग्नुपर्छ।

वास्तवमा विगतका आदिवासी जनजाति आन्दोलनलाई हेर्ने हो भने कुनै न कुनै राजनीतिक दलको विचार र छत्रछायाँमा गएर विलय हुने गरेको छ। अब यसबाट बचेर आफ्नै राजनैतिक शक्ति बनाउनु आवश्यक छ। देशमा एकत्रित आन्दोलनको प्रण आवश्यक छ। तसर्थ यसले अधुरा रहेका क्रान्तिलाई पूरा गर्नको निम्ति नयाँ एकीकृत संघर्षको माग गर्दछ।

मधेशीले ६-६ महिना लामो आन्दोलन गर्यो, निष्कर्षमा पुग्न सकिएन । काठमांडू केन्द्रित बिभिन्न आन्दोलन गरियो तुहियो। निर्वाचनमा भाग नलिने भनेर निर्णय गरियो, निर्वाचन केन्द्रित आन्दोलनका कार्यक्रम गर्न थालियो संगैको सहकर्मी धोखा दिएर निर्वाचनमा भाग लिन पुगे। यस पश्चात त बास्तवमा हामि समानताको लडाइको एउटा अध्यायमा हारिसकेका थियौ। संबिधान निर्माण वरपर भएको आन्दोलनहरु पनि एउटा युद्ध नै थियो। नेपालको सस्थापन पक्ष संग आत्मगौराबको निम्ति लडिएको एक कालखंडको बिना हतियार शान्तिपूर्ण युद्ध। जुन युद्ध हामि हारिसकेका थियौ। मधेशी जनजाति हारको मनोविज्ञानमा थिए, अझै पनि छ। युद्ध वा क्रान्तिको पनि एउटा बिज्ञान हुन्छ। कुनैपनि युद्ध हारिसकेपछि हारेको पक्ष संग तिन वटा बिकल्प हुन्छ। एउटा आत्म समर्पण गर्नु दोस्रो अब के गर्ने न गर्ने अन्यौलमा रहनु र यतिकै निस्क्रिय भएर सिद्दिनू र तेस्रो भनेको पुन उक्त हारेको युद्ध जित्ने तयारी गर्नु। पहिलो बिकल्प फाइदाको बिकल्प हो, दोस्रो बिकल्प आत्म समर्पण गरिन भन्न त मिल्यो, आत्म गौरब पनि गर्न मिल्यो तर बास्तबमा त्यो बिकल्प आत्म हत्याको बिकल्प हो। महान र पबित्र समानताको क्रान्तिमा रहेकाहरु मध्ये कोहि कोहि आत्म समर्पण गर्दै, आत्म आलोचित हुदै फर्के। कोहि निस्क्रिय रहे, अहिले पनि टाइम पास गर्दै छ। तर तिनीहरु मध्ये राजेन्द्र महतो पुन जित्नेगरी तयारीमा लागे, राष्ट्रिय मुक्ति क्रान्तिको आह्वान गरे ि

गोरे बहादुर खापांगी नेतृत्वको जनमुक्ति पार्टी र सद्भावना पार्टी प्रजातन्त्र स्थापना पश्चात् वि.सं. २०४८ को चुनावमा एउटै चुनाव चिह्नमा लडे। मधेशको उत्तरी शहर धरान लगायत ठाउँमा सद्भावना र जनमुक्तिको संयुक्त कार्यालय थियो। दुवै पार्टीको झण्डा एउटै घरमा राखिएको थियो। सद्भावना पार्टीका संस्थापक अध्यक्ष गजेन्द्र बाबु मधेशी उत्पीडनको मात्र होइन, जनजातिको उत्पीडनको पनि कुरा गर्थे। अब पुन बेला भएको छ, यी दुवै लिगेसिहरु एकठाउमा आउनु पर्छ ि अधिकार र पहिचान खोज्ने सबैलाइ एकत्रित नगरी हाम्रो माग पुरा हुँदैन। अधुरो, अपुरो क्रान्तिको कार्यभारलाई पूरा गर्ने विषय सामान्य होइन। विगतको शिक्षा र वर्तमानको यथार्थबीच नवीनतम क्रान्तिको खाका कोर्ने कुरा जटिल से जटिल हो। त्यसको लागि हजारौं नेता, कार्यकर्ताहरुलाई जुझारु, क्रियाशिल र लाखौं जनताको पंक्तिलाई क्रान्तिको प्रक्रियामा गोलबद्ध गर्नु पर्छ। हारेको मनोविज्ञान भएको हुदा मुख्य कुरा क्रान्ति असम्भव देखिने र नेतृत्व प्रतिको अविश्वाश स्वाभाविक नै हो। त्यस्तो ऐतिहासिक कार्यभार अगाडी बढाउन क्रान्तिकारी पार्टी र दुरदर्शी नेतृत्वको समुह आवश्यक छ नै। एकीकृत क्रान्ति अर्थात राष्ट्रिय मुक्ति क्रान्तिको कार्यदिशामार्फत् नै अब सबै सम्भावनाहरुको ढोका खोलिने छ। जनमनले देख्न, सुन्न, महसुस र भोग्ने गरी कार्यदिशा, रणनीति र कार्यनीतिले व्यापकता पायो भने हारेको युद्ध पुन जित्न सक्छौ, हारेको मनोविज्ञान पुन उठाउन सक्छौ। निश्चित रुपमा क्रान्ति जटिल प्रक्रिया हो। क्रियाको प्रतिक्रिया दिएर इमोसनल कुराहरु भडकाएर मात्रै हुन्न। पुरातन कार्यदिशा र अरुहरु हिँडेको बाटोबाट क्रान्ति सम्भव हुँदैन। अवश्य पनि आफैँले खन्दै, बनाउँदै, अजङ्गको महाविपत्तिहरु झेल्दै, गम्भीर चुनौतीहरुको सामना गर्दै, नयाँ शिखर यात्रामा लम्कनु पर्दछ। बाटो बनाउँदै गर्दा भीमकाय चट्टान देखिन्छन्,पर्खालहरु भेटिन्छन्। जब क्रान्तिको बेगवान् प्रवाहले ती सबैलाई छिचोल्दै अघि बढ्छ। तब मात्र हाम्रो आस्था र विश्वासको गन्तव्य बहुल राष्ट्र राज्य र हाम्रो पूर्वीय दर्शनमा आधारित मौलिक स्वदेशवादमा पुग्ने राजमार्ग तयार हुँदै जान्छ।

नयाँ यात्रा, नयाँ बाटो, नयाँ दिशाबोधसहित राष्ट्रिय मुक्ति क्रान्तिले आफ्नो विकास प्रक्रियामा नेपाल र परिवर्तित विश्वका विशेषताहरु पक्रँदै नयाँ संश्लेषण गर्न सक्नुपर्छ। गोलचक्करवाद, आत्मसमर्पणवाद र विसर्जनवादको विरुद्ध निर्णायक क्रान्तिको आँधीमा सिङ्गो देश लपेटिँनेछ। त्यतिबेला राष्ट्रिय मुक्ति क्रान्तिको लहरलाई कसले रोक्न सक्छ ?

# संविधान संशोधन पश्चगमन हैन, अग्रगमनका लागि हो

संविधान संशोधनको एजेन्डा सत्तामा जाने भऱ्याङमात्र नहोस् भनेर मैले नै बोलेको छु । संविधान संशोधन एजेण्डा बनिसक्यो । केही महिनापछि कांग्रेस-एमालेप्रति जनताले प्रश्न गर्न थाल्छन् । प्याण्डोरा बक्स खोलेजस्तै हुन्छ भन्नेलाई नतर्सिनु भनेको छु । समानुपातिकलाई राष्ट्रिय सभामा लाने कुरा पनि आए । त्यसलाई जस्ताको त्यस्तै राखौँ र ४० प्रतिशत जसले पाउँछ, सरकार त्यसले बनाउँछ भन्नेजस्ता दृष्टिकोण आएको छ ।



धनराज गुरुङ
उपसभापति, नेपाली कांग्रेस

**० महासमिति बैठकमा प्रस्तुत प्रतिवेदन पारित गर्दै कांग्रेसको केन्द्रीय समिति बैठक सकियो । प्रतिवेदन पारित गराउन चर्काचर्की पनि भयो । केन्द्रीय समिति बैठकले कांग्रेसलाई अग्रगामी दिशामा अघि बढाउँछ ?**

– कांग्रेस अग्रगामी दिशामा सधैँ अघि बढ्ने पार्टी हो । अग्रगामी विषय र एजेन्डा बोकेकाकै कारण जेठो र ठूलो पार्टी भएको हो । महासमिति बैठकमा पनि यस्तै एजेन्डामा छलफल भएको थियो । सोही दस्तावेजमा भएका विषय र आएका सुझावहरूमाथि छलफल गरेर पारित भयो । केन्द्रीय समिति म्याराथन दौडजस्तै भयो । हामीले मुलुक र देशको भविष्यलाई हेरेर निर्णय गरेका छौँ ।

**० केन्द्रीय समिति बैठक पटकपटक स्थगन गरेर विवाद समाधान गर्न लागिपरेको भनियो । विवादका विषय केके हुन् ?**

– बाहिर आउँदा विवाद भनिए पनि केन्द्रीय समितिभित्र संवाद भएको हो । लोकतान्त्रिक पार्टीभित्र आफ्ना कुराहरू मन खोलेर भन्ने हो नि । लोकतान्त्रिक अधिकार प्रयोग गरेर साथीहरूले त्यी संवाद, बहसहरूलाई राख्नुभएको हो । त्यसलाई विवाद भन्न मिल्दैन ।

**० बहसको निचोडले भोलिका दिनमा कांग्रेसलाई गर्ने मार्गनिर्देशनचाहिँ केके हुन् ?**

– धेरै विषय छन् । ठोस रूपमा भन्दा आगामी निर्वाचनमा नेपाली कांग्रेसलाई पहिलो दल बनाउने अभियान र कांग्रेसले एक्लै बहुमत ल्याउने गरी सङ्गठन निर्माण गर्ने कुरा आएको छ । यो खाली शब्दका लागिमात्र होइन, प्रतिवद्धता नै हो । भोलि यसले पार्टीलाई नवनिर्माणमा लान्छ ।

स्थानीय तह, गाउँसम्म पार्टी परिचालन गर्ने कुरा भयो । यस्तै संविधान संशोधनको कुरालाई मसिनो ढङ्गबाट लाने भन्ने छलफल भयो । संविधान संशोधन सत्ता प्राप्तिको भऱ्याङमात्र बन्न हुँदैन भन्ने विषयमा छलफल भयो । संविधान संशोधन पश्चगमन हैन, अग्रगमनका लागि हो भन्ने प्रमाणित गर्नुपर्छ भन्ने विषयमा सघन संवाद भयो ।

आर्थिक सङ्कटको खतराबाट मुलुक बाहिर निस्केको छैन । यस विषयमा पनि हामीले गम्भीर छलफल गरेका छौँ । समग्रमा राज्यमा देखिएको समस्या समाधान उन्मुख गहन छलफल भएको छ ।

**० केन्द्रीय समितिले ०८४ मा कांग्रेसलाई रूखमा भोट हाल्ने ग्यारेन्टी गर्ने निर्णय गरेको छ । यो भनेको गठबन्धन नगर्ने नै होला । यो निर्णयले गठबन्धन नगर्ने आधार दिएको हो ? कसरी कार्यान्वयन हुन्छ ?**

– एक्लै चुनाव लडेर ठूलो बहुमतको पार्टी बन्ने भन्ने हाम्रो दृष्टिकोण आएको छ । खास गरेर हाम्रो पार्टनर एमाले पनि गठबन्धन नगरी चुनाव लडेर अघि बढ्छ भन्ने मलाई लाग्छ । त्यही गठबन्धन भनेर देशको यो हविगत भएको छ । हाम्रो निर्णयको परिणाम भनेको ०८४ मा निष्पक्ष, स्वच्छ र मित्रवत् प्रतिस्पर्धा हो । तर ०८४ अघि नै संविधान संशोधन गरेर हामीले अस्थिर प्रकृतिको सरकार अन्त्य गर्छौं ।

**० चुनावी गठबन्धनको विषयमा पार्टीमा दुई धार देखिन्छ । अहिले पनि त्यो दुवै धार छ कि गठबन्धन नगर्ने भनेर पार्टी एक ठाउँमा उभिएको हो ?**

– महासमिति बैठकको दस्तावेजमा गठबन्धन गर्नुपर्छ वा पर्दैन भन्ने शब्द थिएन । खाली साथीहरूले सजिलोका लागि गठबन्धनको बहस चलाए । त्यो बहसका क्रममा चुक्यौँ, कमजोरी भयो ।

केन्द्रीय समिति बैठकमा यसलाई रणनीतिको विषय पनि भनियो । मलाई पनि रणनीतिक विषय हो भन्ने अहिले पनि लाग्छ । तर, यसको अर्थ भोलिको दिनमा गठबन्धन हुन्छ भन्ने हैन । हाम्रो क्लियर कुरा स्वच्छ प्रतिस्पर्धाको निर्वाचनमा जाने भन्ने हो । आ-आफ्नो घोषणापत्र लिएर जनताको बिचमा जाने हो । त्यसपछि कुनै एक दलले सरकार बनाउन नसक्ने अवस्था भएमा मात्र गठबन्धन हुन्छ । यहाँ त 'प्रि-इलेक्सन'मा भएका कारणले बहस भएको हो ।

**० केन्द्रीय समितिमा एक्जिट पोलीसीको पनि विषय आएको थियो नि ?**

– एक्जिट पोलिसी भन्ने शब्द दस्तावेजबाटै हटाइएको छ । यसमा पुन: बहस गर्न आवश्यक छैन ।

**० १५ औं महाधिवेशन समयमै हुन्न भन्ने आशंका पनि छ । केन्द्रीय समितिले पनि यसलाई सुनिश्चित गर्नेगरी निर्णय आएको छैन । महाधिवेशन अर्को वर्षभित्रै हुन्छ ?**

– विधानमा उल्लेख गरेको मितिमै महाधिवेशन हुन्छ । विधानमा तोकिएको समयभन्दा अलिकति अघि वा पछि हुन्छ भन्ने कुरामा कुनै तुक छैन । हाम्रो विधानमा ४ वर्ष अवधि हो । त्यसपछि बढीमा एक पटक म्याद थप्न सकिन्छ । केन्द्रीय समितिको यो बैठकबाट महाधिवेशन समयमै हुँदैन कि भन्ने शङ्का पनि अन्त्य भयो ।

**० तर, केन्द्रीय समितिमै बोल्दा शेरबहादुर देउवा प्रधानमन्त्री बनेपछि मात्र महाधिवेशन गर्नुपर्ने मत पनि आयो । अवस्था त्यस्तै हुने हो ?**

– यसमा कुनै तुक छैन । यो वा त्यो बहानामा आशङ्का गर्न जरूरी छैन । हामीले सभापतिबाट शेरबहादुर देउवालाई प्रधानमन्त्री बनेकै बेला स-सम्मान बिदाइ गर्ने हो । त्यसकारण यहाँ महाधिवेशन हुँदैन भनेर रूवाबासी गर्न जरूरी छैन । उहाँ प्रधानमन्त्री बनेपछि सभापतिबाट स-सम्मान बिदाइ हुन्छ ।

**० महासमितिमा एक्जिट पोलिसी बहस, गठबन्धन बाहेक अन्य धेरै विषय उठेका थिए । ती सबै विषयलाई समेटेर कांग्रेसले निर्णय गर्न सफल भयो ?**

– सबै विषय दस्तावेजमा टेकेर, समेटेर हामीले निर्णय गरेका छौँ । हुबहु त हुँदैन तर सबैलाई साझा दस्तावेज बनाएर हामीले विषय समेटेका छौँ । दस्तावेज बाहिरको कुरा समेट्नचाहिँ सम्भव छैन ।

**० केन्द्रीय समिति बैठकमा संविधान संशोधनको विषय उठ्यो । समानुपातिक समावेशीताको विषयहरूमा पनि छलफल भए । यो विषयमा कांग्रेसको मत के हो ?**

– केन्द्रीय समिति बैठकले संविधान संशोधनको विषयमा गहिरो बहस सिर्जना गऱ्यो । संविधान संशोधनको एजेन्डा सत्तामा जाने भऱ्याङमात्र नहोस् भनेर मैले नै बोलेको छु । संविधान संशोधन एजेण्डा बनिसक्यो । केही महिनापछि कांग्रेस-एमालेप्रति जनताले प्रश्न गर्न थाल्छन् । प्यान्डोरा बक्स खोलेजस्तै हुन्छ भन्नेलाई नतर्सिनु भनेको छु । समानुपातिकलाई राष्ट्रिय सभामा लाने कुरा पनि आए । त्यसलाई जस्ताको त्यस्तै राखौँ र ४० प्रतिशत जसले पाउँछ, सरकार त्यसले बनाउँछ भन्नेजस्ता दृष्टिकोण आएको छ । यहाँ समानुपातिक हटाउने भाष्य खडा हुँदैछ । यसलाई अझ राम्रो बनाउने हो । मैले २७५ सिटको प्रतिनिधि सभा ठूलो भयो, त्यसलाई १६५ भित्र समानुपातिक बनाउँ । ५५ सिट महिलालाई दिउँ । बाँकी रहेको ११० सिट पुरूषको सिटमा खस, आर्य, दलित, जनजाति, थारू, मुस्लिम सबैलाई छुट्याउँ । यसरी मैले प्रस्ताव गरेको छु । त्यसको व्यवस्थापन निर्वाचन आयोगले गर्छ । यसरी हामी गए कसैलाई घाटा गर्दैन ।

**० संविधान संशोधन प्रक्रिया कसरी र कहिले अघि बढ्छ ?**

– अब दिन तोकेर बस्ने हैन । सबै दल बसेर संवाद थालनी गर्नुपर्छ । सरकारले नेतृत्व गरेर छलफल अघि बढाउनुपर्छ । संयन्त्र बनाएर अघि बढ्नुपर्छ ।

**० कांग्रेस-एमाले मिलेर सरकार बनाउनुभएको छ । पछि एमालेलाई प्रतिस्पर्धी बनाएर चुनावमा जाने कुरा नमिल्दो देखिन्छ, हैन र ?**

– पहिलो पार्टी मिलेर बन्ने कुरा संवैधानिक नै हो । मान्यता भनेको चाहिँ प्रतिपक्षको आवाज नसुन्ने हो कि भन्ने भनाइ छ । तर, विशेष अवस्थामा ठूला दल मिलेको उदाहरण छ । संविधान जारी गर्दा पनि मिलेकै हो । तर जनतामा देखिएको निराशामा आशामा बदल्न र राजनीतिक स्थायित्व दिन र अहिलेको अर्थतन्त्र सुधार गर्न दुई दल मिलेर सरकार बनाएका हौँ । कुरा यति न हो ।

**० एमाले प्रतिस्पर्धी पार्टी पनि हो भन्नुहुन्छ, सत्ता सहकार्य पनि छ । चुनाव नजिकिँदै जाँदा शक्ति सर्ंष हुँदैन भन्ने के ग्यारेन्टी छ र ?**

– यसलाई भयङ्कर युद्ध बनाइनु हुँदैन । कांग्रेस-एमाले अहिले एउटै फुटबल ग्राउण्डमा छ र चुनावको समयमा पनि त्यहीँ हुन्छौँ । कसले कति गोल छिराउने भन्ने त्यसबेलै हुन्छ । चुनावमा जानु भनेको शत्रुता त होइन नि, मित्रवत् प्रतिस्पर्धा पनि हो नि ।

**० अहिले देखिएको धार अथवा गुट १५ औं महाधिवेशनमा पनि रहन्छ ?**

– गुट बलियो हैन, सिङ्गो एकाकार र एकताबद्ध कांग्रेस बनेको छ । बगिरहने खोलाले पनि धार फेर्छ । 'इश्यु बेस' गुट पार्टीमा बन्छ । छेपारोले खाँबो समाएजस्तो हैन । तत्कालीन विचार कहाँ जान्छ, त्यहीँ उभिने हो । सधैँ दुईधार भइरहने हुँदैन । उलटपुलट भइरहन्छ । धार कहिल्यै नफेरिने स्थायी हुँदैन । अस्थायी हुन्छ । १५ औँ महाधिवेशनमा क्षमता, इतिहास र पार्टीको भविष्यलाई हेरेर ती धार उथलपुथल हुन्छ । १४ औँ महाधिवेशन जुन गुट बने, १५ औँमा त्यो अस्तित्वमा रहन्छ भन्ने रहँदैन ।

**० आगामी महाधिवेशनमा सभापतिको उम्मेदवार को को हुन्छ ?**

– सभापतिमा प्रतिस्पर्धी आउलान् नै । म उपसभापति छु त्यसैले राजनीतिक धर्म निभाउनुपर्छ भन्ने मलाई लाग्छ । १४ औँमा शेखर कोइरालालाई सभापति जिताउन सकिएन । यसपटक पनि राजनीतिक संस्कार देखाएर डा. शेखर कोइरालालाई सभापति बनाउन लाग्छु । शेखर कोइराला लड्दिनँ भन्नुभयो भने धनराज गुरुङ सभापति पदको उम्मेदवार हो ।

**० अर्को एकपटक पनि शेखर कोइराला नै सभापतिको दाबेदार भन्ने तपाईंको लाइन ?**

– हो, १५ औं महाधिवेशनमा पनि शेखर कोइराला दाबेदार हो । १४ औं महाधिवेशनमा उहाँलाई सभापति मानेर म उपसभापति लडेको हो । उहाँ निर्वाचित हुन सक्नु भएन, म निर्वाचित भएँ । उहाँलाई नेता मानेर लडिसकेको छु । मेरो कमाण्डरलाई कांग्रेसको कमाण्डर बनाउनुपर्छ भनेर उहाँलाई सहयोग गर्न चाहन्छु । ममात्र हैन, अरू साथीभाइले पनि मान्नुहुन्छ भन्ने लाग्छ ।

शेखर कोइरालासँग छुट्टै पोलिटिकल कल्चर छ । त्यसले समूह बाहेकका अरू साथीलाई पनि आकर्षित गरेको छ । १४ औँमा शेरबहादुर देउवासँग भएका साथीहरूले पनि उहाँलाई यसपटक सहयोग गर्ने मलाई विश्वास छ । -रातोपार्टीबाट साभार

# वन अतिक्रमण हटाउन मुख्यमन्त्रीको निर्देशन




जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले वनसम्बन्धी मुद्दा छिनोफानो गर्न प्रदेशका डिभिजनल वन अधिकृतहरूलाई निर्देशन दिएका छन् ।

कानुनी अलमल, द्विविधा र जटिलताका कारण संरक्षणात्मक कार्य नै बाधित हुनेगरी थाँती रहेका वनसम्बन्धी मुद्दा टुङ्गो लगाउन डिभिजनल वन अधिकृतहरूलाई निर्देशन दिएका हुन् ।

मंगलबार जनकपुरधाममा प्रदेशका आठवटै जिल्लाका डिभिजन वन कार्यालयका प्रमुख एवम् डिभिजनल वन अधिकृतहरूलाई मुख्यमन्त्री सिँहले कानुनको अक्षरभन्दा मर्मलाई आत्मसात गर्दै र त्यस्ता समस्या समाधान गरी वनसम्बन्धी मुद्दा को निरूपण गर्नुपर्ने बताए ।

राष्ट्रिय वन व्यवस्थापन प्रदेशको अधिकारसूचीमा पर्ने हुँदा डिभिजन वन कार्यालयहरू प्रदेश सरकार मातहत छन् । त्यहाँ निजामती सेवा समायोजन ऐन २०७५ बमोजिम प्रदेशमा समायोजन भएका कर्मचारी डिभिजनल वन अधिकृतका रूपमा कार्यरत छन् । तर, वन ऐन २०७६ ले डिभिजन वन अधिकृतको परिभाषामा नेपाल सरकारले खटाएको भन्ने वाक्यांश प्रयोग गरेको छ ।

अर्कोतिर प्रदेश सरकारसँग फौजदारी मुद्दा चलाउने कानुनी अधिकार स्थापित भइसकेको छैन । कानुनी रूपमा वनसम्बन्धी मुद्दामा कसुरको मात्रा हेरी न्यायायिक निरूपण गर्न सक्ने कानुनी अधिकारलाई कानुनकै जटिलताले गर्दा डिभिजनल वन अधिकृतहरूले प्रयोग गर्न सकेका छैनन् ।

मुख्यमन्त्री सिँहले भने, 'सरकार भनेको देशका तीनवटै तहका सरकार हुन् । त्यसैले प्रदेश सरकार मातहतका डिभिजनल वन अधिकृतहरूले पनि नेपाल सरकारलाई प्राप्त अधिकारको अभ्यास र प्रयोग गर्नेतिर लाग्नुपर्छ ।'

मुख्यमन्त्री सिँहले मधेश प्रदेशको प्रशासनिक सीमाभित्र वागमती प्रदेशका बासिन्दाहरूले वनक्षेत्र अतिक्रमण गरी बसाएका बस्ती खाली गराउन डिभिजनल वन अधिकृतहरूलाई निर्देशन दिएका छन् ।

मधेश प्रदेशको भूगोलमा रहेको वनक्षेत्रमा बागमती प्रदेशको राजधानी मकवानपुरको बकैया गाउँपालिकाका तीनवटा वडा दाबी गरिएका छन् । ती वडा भएका क्षेत्रमा दुईवटा वडाका कार्यालय समेत छन् ।

मधेश प्रदेशमा पर्ने बारा जिल्लास्थित निजगढ नगरपालिकाका वडा नम्बर १०, १२ र १३ तथा रौतहट जिल्लाको चन्द्रपुर नगरपालिकाका २ र ३ बागमती प्रदेशको मकवानपुरमा पर्ने बकैया गाउँपालिकाका १, २ र ७ नम्बर वडा छन् । तीमध्ये वडा नम्बर २ र ७ का कार्यालय मधेश प्रदेशको भूमिमा नै सञ्चालन भइरहेका छन् ।

मुख्यमन्त्री सिँहले मधेश प्रदेशमा बागमती प्रदेशका मतदाताले वन मासेर गरेका बस्तीविकास तथा अवैध रुख फँडानीबाट भइरहेको क्षतिबारे आफूले राजनीतिक तहमा कुराकानी गर्ने भन्दै डिभिजन वन प्रमुखहरूले भने अतिक्रमण हटाउने कानुनी उपाय कडाइका साथ लागु गर्नुपर्ने बताए ।

उनले नयाँ वन अतिक्रमणमा शून्य सहनशीलता अपनाउनुपर्ने भन्दै पुराना वन अतिक्रमणलाई क्रमिक रूपमा हटाउँदै जानुपर्ने बताए ।

उनले डिभिजन वन अधिकृतहरूसँग भने, 'नयाँ वन अतिक्रमण रोक्नुस् । महिनामा एकपटक पुराना अतिक्रमणको पहिचान गर्नुस् र हटाउनुस् ।'

प्रदेशमा हाइटेन्सन लाइनमुनि रहेका सयौं हेक्टर अनुत्पादक वनक्षेत्रमा अदुवा, बेसार, आदी, कागतीलगायतका गैरकाष्ठ वनपैदावार प्रवर्द्धनमार्फत जैविक विविधता संरक्षण तथा स्थानीयका लागि रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गर्न समेत निर्देशन दिए ।

मुख्यमन्त्री सिँहले चुरे क्षेत्रको वन संरक्षण गर्दै दक्षिणतर्फ व्यापक वृक्षरोपणमार्फत हरियाली प्रवर्द्धन तथा वातावरण सुदृढीकरणलाई गर्दै रोजगारीसँग जोड्नसमेत निर्देशन दिए ।

मुख्यमन्त्रीसँग भेटेका डिभिजनल वन अधिकृतहरूमा धनुषाका विनोद सिँह, महोत्तरीका अजय मिश्र, सिरहाका शैलेन्द्रमोहन मिश्र, सर्लाहीका सन्तोषकुमार झा, रौतहटका हेमन्त साह, बाराका राजीव झा, पर्साका मञ्जुर अहमद र सप्तरीका सुभास दास छन् । भेटघाटमा वन तथा वातावरण मन्त्री त्रिभुवन साह पनि सहभागी रहेका थिए ।

## 'गैरन्यायिक सडक तथा खोलानदी मापदण्ड पीडित संघर्ष समिति' को विशाल जनप्रदर्शन



काठमाडौं । "गैरन्यायिक सडक तथा खोलानदी मापदण्ड पीडित संघर्ष समिति" को आयोजनामा शनिबार बेलुका काठमाडौंको कालिमाटीबाट पानीको झरीसंगै विशाल जनप्रदर्शन गरिएको छ ।

केही दिन अगाडि सर्वोच्च अदालतको डिभिजन वेन्चद्वारा पहिला देखि नै खोलानदिको रहेको २० मीटरको मापदण्डलाई थप २० मिटर बढाएको छ । जसअनुसार अब बागमती, विश्णुमति जस्ता कैयौं खोलामा खोलाको छेउबाट दायाँबायाँ ४० मिटरसम्म कुनै पनि संरचना बनाउन नपाउने र भएका घर टहराहरु पनि हटाउनु पर्ने कार्यले लाखौं उपत्यकावासीहरुको उठिवास नै हुने अवस्था भएको छ ।

खोला मिच्न पाइदैन, मापदण्डको नाममा जनता विस्थापित गर्न पाइदैन, खोलानदीको मापदण्ड खारेज गर भन्ने नारासहित कालिमाटीको दस पार्टी भेन्यु एण्ड रिसेप्सनबाट शुरु भएको जुलुस शोल्टीमोड हुदै कुलेश्वर हुदै कालिमाटी चोक हुँदै बसन्तपुर जाने पुल क्रस गर्दै टेकु हुँदै पुनः कालीमाटी चोकमा पुगी कोणसभामा परिणत भएको थियो ।

पीडितहरुको संघर्षलाई ऐक्यबद्धता जनाउन पुगेका राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतोले यस आन्दोलनमा समर्थन जनाए र निश्कर्शमा नपुगुन्जेल आफुले साथ दिने प्रतिबद्धता जनाए ।

काठमाडौं ९(क) का प्रदेश सदस्य नुरज बज्राचार्यले जनतालाई उठिवास गराउने कस्तो सरकार र न्यायालय हो भनेर प्रश्न गरे र आन्दोलनमा ऐक्यबद्धता पनि जनाए ।

संघर्ष समितिका संयोजक सुमन सायामीले उपत्यावासीलाई उठिवास गराउने राज्यको नीतिलाई आफुहरुले प्रतिकार गर्ने बताए। आएलो १६९ लागु गरिनुपर्ने माग रहेको बताए ।

खोलानदीको कुनैपनि प्रकारको मापदण्ड स्वीकार नगर्ने बताए। सुकुम्बासीहरुको व्यवस्थापनको नाममा लाखौं जनतालाई उठिवास गराउने प्रपन्च स्वीकार नगर्ने बताए ।

कार्यक्रमको संचालन स्वनिग विशेष ब्युरोका इन्चार्ज रविन्द्र कुमार श्रेष्ठले गरेका थिए। कार्यक्रममा केशव झा, राजाराम तण्डुकार, बुद्ध छिरिङ मोक्तान, कौशल सिंह, राम किशोर सिंह, जुनतारा पुन मगर, अनिल महासेठ, सुवर्ण श्रेष्ठ , विकास श्रेष्ठ ,कृष्णा थापा लगायत हजारौको उपस्थिति थियो ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# जनचेतनामूलक खुल्ला प्रतियोगितामा मानसी सिंह प्रथम



राकेश यादव, रौतहट । जिल्लाको राजदेवी नगरपालिका वडा नम्बर ९ ब्रह्मपुरी निवासी मानसी कुमारी सिंह आँखा सुरक्षा सम्बन्धी प्रतियोगितामा प्रथम भएकी छन् ।

परोहा नगरपालिका र तराई टप अनलाइनको संयुक्त आयोजनामा गरिएको आँखा सम्बन्धी यु ट्यूब डिजिटल क्वीज कन्टेस्ट प्रतियोगितामा १५ वर्षीया सिंह प्रथम स्थान हासिल गरेकी हुन् ।

मानवको अमूल्य अंगको रुपमा रहेको आँखालाइ कसरी सुरक्षित राख्ने भन्ने विषयमा भिडिओमार्फत सचेतनामूलक सन्देश प्रवाह गर्ने उद्देश्यले सञ्चालन गरिएको प्रतियोगिताको नतीजामा रौतहटकी छोरी सिंहले पहिलो हुन सफल भएकी हुन् ।

आयोजक समितिले जनचेतनामूलक क्वीज प्रतियोगिताको सार्वजानिक गरेको नतीजा अनुसार नेपाल डिजिटल एजुकेशन प्रालि वीरगंजमा अध्ययनरत रहेकी सिंह प्रथम, पर्सा जिल्ला वीरगंज महानगरपालिका १६ घर भई त्रिजुद्ध महादेव प्रसाद रघुवीर राम टेक्नोलॉजी सेकेंडरी स्कुल वीरगंजमा अध्यनरत प्रकाश कुमार राउत दोस्रो स्थान प्राप्त गरेका छन् । खुल्ला प्रतियोगितामा महोत्तरी जिल्ला मनरा सिसवा नगरपालिका वडा नम्बर २ निवासी मोनास्टिक इंटरनेशनल एकेडमी जनकपुरधाममा अध्ययनरत आर्य पाण्डेय तेस्रो, मोनास्टिक इंटरनेशनल एकेडमी गौर रौतहटका समूहगत भिडिओ चौथो तथा महर्षि बाल्मीकि आवासीय माध्यमिक विद्यालय गौरका अनीसा कुमारी यादव पाँचौ स्थान हासिल गरेको आयोजकले जनाएको छ ।

प्रतियोगिता आयोजना गर्ने आयोजक समितिले गएको साउन ८ मा आँखाको सुरक्षा सम्बन्धी छोटो भिडिओ बनाएर भाद्र ७ गते बेलुका ५ बजेसम्म पठाउनु पर्ने सार्वजनिक गरेको सूचनाअनुसार प्रतियोगीहरुले आँखा स्वास्थ्य सम्बन्धी छोटो जनचेतनामूलक भिडियो बनाएर पठाएका थिए ।

सहभागीहरुले पठाएको २७६ वटा भिडिओ सामाजिक संजाल यु ट्यूबमा भदौ ८ गते उपलोड गरिएकोमा सबैभन्दा बढी भएको भियुवरको आधारमा गरिएको नतीजा प्रकाशनमा मानसी सिंह पहिलो विजेता बनेको संयोजक सतेन्द्र पाण्डेयले जानकारी दिएका छन् ।

# नि:शूल्क बृहत आँखा जाँच शिविर सम्पन्न




इमरान खान, कपिलवस्तु ।
कपिलवस्तु र रुपन्देही जिल्लाका आँखा बिरामीहरुको बृहत नि:शूल्क आँखा जाँच शिविर सम्पन्न भएको छ ।

ह्यूमेन डेभलपमेन्ट एकेडेमी, काठमाडौंको आयोजना इस्लामिक संघ नेपाल, कपिलवस्तुको संयोजकत्वमा तथा तौलिहवा आँखा अस्पताल तौलिहवा कपिलवस्तु प्राबिधिक टोलीको डाक्टर प्रमोद यादव लगायतका डाक्टरहरुको उपस्थितिमा आँखा चेकजाँच तथा बिरामीलाई शल्यक्रिया पश्चात आँखाको ज्योति फर्किएर उहि आँखाबाट संसार हेर्न पाउने भएकाले तौलिहवा आँखा अस्पताल तौलिहवा, कपिलवस्तुका अध्यक्ष मनोज श्रीवास्तवले बिशेष धन्यवाद दिएका छन् ।

पडेरिया लुम्बिनी, महाजिदिया लुम्बिनी, मायादेवी गाउँपालिका, कपिलवस्तु, महाराजगंज नगरपालिका, कपिलवस्तु तथा कपिलवस्तु नगरपालिका गरि ७७७ आँखा बिरामीहरुको चेक जाँच गरि २५३ जनामा मोतिबिन्दको  बिरामी भेटिए र जस मध्य १६५ जना मोतिबिन्दको शल्यक्रिया भएको थियो ।

८८ जनामा सुगर र हार्टका बिरामी भएकाले शल्यक्रिया हुन सकेना डाक्टर प्रमोद यादवले बताए ।

गरिब असहाय जनताहरु जसले दुइ छाक खाना लाई ब्यवस्था गर्न सकिदैन उनिहरु औषधि उपचार कहाँबाट गराउने पैसा कहाँबाट आँउछ भन्ने सोचलाई लिई इस्लामिक संघ नेपाल, कपिलवस्तुका अध्यक्ष सेराज अहमद फलाहीले यस कार्यक्रमलाई लिएर आई जनताहरुलाई एउटा राहत स्वरुप दिएको जनताहरु अत्यान्त खुशी भएका थिए । अध्यक्ष सेराज अहमद फलाहीले आउने दिनमा थप अरु राहतका सामाग्रीहरु ल्याउने बताएका छन् ।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**गौर नगरपालिका**
रौतहट, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**
धनुषा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**पिपरा गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश



# आजपा केन्द्रीय सदस्य साहलाई रिहा नगरिए कडा आन्दोलन गर्ने घोषणा



काठमाडौं । आम जनता पार्टी (आजपा) ले केन्द्रीय सदस्य एवं अभियन्ता ईन्जिनियर प्रमोद राणा साहलाई यथाशिघ्र रिहा गर्न माग गरेको छ । साथै भ्रष्टाचारको अडा बनेको नापी कार्यालय सप्तरीका अधिकृत सुमनकिशोर मिश्र लगायतका भ्रष्टकर्मचारीलाई छानविन गरी कानूनी कारवाही गर्न आजपाले माग समेत गरेको छ ।

सप्तरी जिल्लाको रुपनी गाउँपालिका वडा नं.१ निवासी आजपा केन्द्रीय सदस्य एवं अभियन्ता साहलाई पूर्वाग्रही ढंगले प्रहरीले बुधबार पक्राउँ गरेको छ । साहलाई पक्राउँ गरेपछि आजपा प्रवक्ता चन्द्रभुषण साहले एक बिज्ञप्ती मार्फत घटनाप्रति आपती जनाउँदै घोरभर्त्सना गरेका छन् ।

‘सप्तरी जिल्ला नापी कार्यालयले बिचौलिया र करारको कर्मचारीमार्फत गर्दै आएको अनियमितता, भ्रष्टाचार एवं लुटआतंकको बारेमा पीडित सहितको सप्रमाण साथमा लिई थप बिषय बुझ्न र यस अपराधको बारेमा खबरदारी गर्न सोही कार्यालयको कार्यालय समयमा गएको सन्दर्भलाई लिएर भ्रष्टाचारका पक्षपोषक सरकार र तिनका मतियारको रुपमा सप्तरी प्रशासनले भ्रष्टाचारीलाई कानूनको दायरामा ल्याउँनुको साटो उल्टै सप्तरी जिल्ला रुपनी गाउँपालिका वडा नं.१ निवासी हाम्रो आम जनता पार्टीका केन्द्रीय सदस्य एवं अभियन्ता ई.प्रमोद राणा साहलाई पूर्वाग्रही ढंगले मिति २०८१ भदौ १९ गते गिरफ्तार गरेको घटनाप्रति आपती प्रकट गर्दै घोरभर्त्सना गर्दछौं’ आजपा प्रवक्ता साहले जारी गरेको बिज्ञप्तीमा उल्लेख गरिएको छ ।

गिरफ्तार पार्टीका नेता एवं अभियन्ता साहलाई यथाशिघ्र बिनासर्त रिहा गर्न र देशको प्रमुख शत्रुको रुपमा रहेका दलाल, बिचौलिया एवं भ्रष्ट कर्मचारीहरुलाई कानूनी कारवाहीको दायरामा ल्याउँन आजपाले माग गरेको छ । साथै तिनिहरुलाई पक्षपोशन गरिरहेका सप्तरी जिल्ला प्रहरीका प्रमुख एसपी गजुसिद्धि बज्राचार्य लगायतका प्रशासकहरुलाई छानबिनको दायरामा ल्याउँन सबै सरोकारवालाहरुको गम्भिर ध्यानाकर्षण सहितको जोडदार माग आजपाले गरेको छ ।

‘हाम्रो न्यायोचित मागहरुलाई कुनै पनि किन्तुपरन्तुको बहानामा नजर अन्दाज गर्ने दुस्प्रयास भए हामी कडाभन्दा कडा संघर्षका कार्यक्रमहरु गर्न बाध्य हुने र यसबाट सृजित हुने सम्पूर्ण क्षति एवं परिस्थितिको जिम्मेवारी राज्यपक्षले लिनुपर्ने बिषय अग्रीम रुपमा अवगत गराउन चाहन्छौं’ आजपाले जारी गरेको बिज्ञप्तीमा उल्लेख गरिएको छ ।

# आम मुस्लिम मोर्चाको केन्द्रीय कमिटी पुनर्गठन

काठमाडौं । आम जनता पार्टी ( आजपा) निकटको आम मुस्लिम मोर्चाको केन्द्रीय कमिटी पुनर्गठन भएको छ । पुनर्गठित मोर्चाको अध्यक्षमा लालबाबु मन्सुरी रहेका छन् । ७७ सदस्यीय मुस्लिम मोर्चाको इन्चार्जमा आजपा उपाध्यक्ष समेत रहेकी समिना हुसेन रहेकी छन् ।

मदरसालाई बैधानिकता दिलाउनुपर्ने, मदरसा शिक्षा ऐन तथा बोर्ड गठनको लागि आम मुस्लिम मोर्चाको पुनर्गठन गरिएको हो । मोर्चाको उपाध्यक्षमा लुकमान मन्सुरी मिया, इस्लाम मिया, शेख जमाल महासचिवमा शेख मोबिन, सचिवमा महम्मद इस्तेखार, अफताब अहमद सहसचिवमा सनिफ मिया, कोषाध्यक्षमा सकिना खातुन रहेका छन् ।

यसैगरी मोर्चाको सदस्यहरुमा नजिर मिया, शेख रैसुल आलम, नेक मोहमद, आश महमद, शेख सकिना खातुन, मो. सालिम, मुमताज हवारी, रहिम हवारी, समसुल हवारी, महमद सालिम, फिरोज मन्सुरी, बेचन कवारी, हुसेन मिया, मो.अफताब अलि, अब्दुल शाह, शेख मोफिद, हारुन हुसैन, मो.नौसाद, मोसी असगर राईन, फहिम हवारी, सदाम ब्रहठा, जिकरुलल्लाह मिया, कलामुदिन मिया, अलतफ सिद्धिकी रहेका छन् ।

# राजदूत सिफारिसमा समानुपातिक समावेशी सिद्धान्तलाई ध्यान दिन सरकारलाई ध्यानाकर्षण



काठमाडौं । संघीय संसदअन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले राजदूत सिफारिसमा समानुपातिक समावेशी सिद्धान्तलाई ध्यान दिन सरकारलाई ध्यानाकर्षण गराएको छ ।

समितिका सभापति राजकिशोर यादवको अध्यक्षतामा मंगलबार बसेको बैठकले आगामी दिनमा विभिन्न मुलुकका लागि नेपाली राजदूत पदमा सिफारिस गर्दा समानुपातिक समावेशी सिद्धान्तलाई ध्यान दिई सिफारिस गर्न नेपाल सरकारलाई ध्यानाकर्षण गराउने निर्णय गरेको हो ।

समितिको निर्णयमा भनिएको छ, ‘नेपालको संविधानको प्रस्तावना, धारा ४२ र धारा २८२ को व्यवस्था र राजदूत नियुक्ति सम्बन्धी निर्देशिका, २०७५ लाई मध्यनजर गरी नेपाल सरकारले आगामी दिनमा विभिन्न मुलुकका लागि नेपाली राजदूतको पदमा सिफारिस गर्दा समानुपातिक समावेशी सिद्धान्तलाई ध्यान दिई सिफारिस गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउने ।’

यसैगरी, सो बैठकमा परराष्ट्रमन्त्रीको हालै सम्पन्न र राजदूत नियुक्ति सम्बन्धमा परराष्ट्र मन्त्रालयका मन्त्री र सचिवसँग छलफल गरेको थियो ।

# प्रदेश सरकारले डुमरिया अस्पतालका लागि पठायो स्वास्थ्य उपकरण र औषधि

जनकपुरधाम । धनुषाको शहीदनगर नगरपालिका वडा नम्बर ८ डुमरियास्थित सहिद सूर्यनारायण राण स्मृति अस्पताल सञ्चालनका लागि मधेश प्रदेशको स्वास्थ्य तथा जनसँख्या मन्त्रालयअन्तर्गतका विभिन्न निकायबाट स्वास्थ्य उपकरण तथा औषधि पठाइएको छ ।

करिब १४ वर्षयता सञ्चालन हुन नसकेको सो अस्पतालमा तत्काल सेवा सुचारु हुने प्रतिबद्धता प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले गरेका थिए । मुख्यमन्त्री सिँहले प्रतिबद्धता व्यक्त गरेको दुई दिनभित्रमै अस्पताल सञ्चालनका लागि आवश्यक स्वास्थ्य उपकरण तथा औषधि पठाइएको हो ।

प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला र प्रदेश स्वास्थ्यविज्ञान प्रतिष्ठानबाट डुमरिया अस्पतालबाट आवश्यक परिमाणमा स्वास्थ्य उपकरण र औषधि पठाइएको प्रदेश स्वास्थ्य तथा जनसँख्या मन्त्रालयका सचिव डा.सञ्जय ठाकुरले बताए ।


## सूचना ! सूचना !! सूचना !!!

### ‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**
पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

### ‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**मटिहानी नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

### ‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**बसबरीया गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

## विश्व परिवेश

# भारत र अस्ट्रेलियाले सीईसीए वार्ता पुनः सुरु गर्दै

भारत र अष्ट्रेलियाले व्यापक आर्थिक सहयोग सम्झौतामा वार्ता पुनः सुरु गरेका छन्, जसले दुवै देशको आर्थिक सम्बन्धलाई सुदृढ बनाउन महत्वपूर्ण कदमको संकेत गर्छ।

सिड्नीमा अगस्ट १९ देखि २२, २०२४ सम्म आयोजित १० औं चरणको वार्तामा वस्तु, सेवा, डिजिटल व्यापार, र सरकारी खरिद लगायतका विभिन्न मुद्दाहरूमा छलफल भयो।

यी वार्ताहरू दुवै देशको अर्थतन्त्रमा गहिरो प्रभाव पार्न सक्ने व्यापार सम्झौता अन्तिम रूप दिनको लागि चलिरहेको संवादको निरन्तरता हुन्। बैठकमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व वाणिज्य विभागका प्रमुख वार्ताकार र अतिरिक्त सचिव राजेश अग्रवालले गरेका थिए, भने अष्ट्रेलियाली प्रतिनिधिमण्डलको नेतृत्व विदेश मामिला र व्यापार विभाग, अष्ट्रेलियाका प्रमुख वार्ताकार र पहिलो सहायक सचिव रवि केवालरामले गरेका थिए।

भारतको सामान्य निर्वाचन सम्पन्न भएपछि र पाँच महिनाको अन्तरालपछि यो व्यापक आर्थिक सहयोग सम्झौता वार्ताको पहिलो चरण थियो। गत चरणपछि केही महत्त्वपूर्ण मुद्दाहरू सम्बोधन गर्न र वार्ताको गतिलाई कायम राख्न अन्तराल बैठकहरू आयोजना गरिएको थियो। दुवै पक्षले आफ्नो आर्थिक साझेदारीलाई बलियो बनाउने प्रतिबद्धता देखाएका छन्, जसको प्रमाण वार्तामा समेटिएका विभिन्न विषयहरूबाट देखिन्छ। वार्ताहरूलाई "गहन" भनेर वर्णन गरिएको थियो, जहाँ दुवै राष्ट्रले विभिन्न महत्त्वपूर्ण मुद्दाहरूमा मतभेदलाई घटाउने र साझा समझदारीमा पुग्ने प्रयास गरेका थिए। दुवै पक्षले एक-अर्काका प्रस्तावहरूलाई राम्रोसँग बुझ्न र समतोलित परिणाम प्राप्त गर्न नयाँ तरिकाहरू पहिचान गर्न ध्यान केन्द्रित गरे। व्यापक आर्थिक सहयोग सम्झौताले दुवै देशका लागि अर्थपूर्ण लाभ र पारस्परिक लाभदायक परिणाम सुनिश्चित गर्न ध्यान केन्द्रित गरेको थियो।

सिड्नीमा भएका वार्ताहरू पुराना मुद्दाहरूलाई पुनरावलोकन गर्ने मात्र थिएनन्; तिनीहरूले आर्थिक सहयोगका नयाँ क्षेत्रहरूको अन्वेषण गर्ने अवसर पनि प्रदान गरे। वस्तु र सेवाहरूको परम्परागत व्यापारका साथै, वार्तामा डिजिटल व्यापार, कृषि प्रविधि, र उत्पत्तिका नियमहरू जस्ता नयाँ र जटिल मुद्दाहरू पनि समेटिएका थिए। सरकारी खरिद पनि महत्त्वपूर्ण छलफलको क्षेत्र थियो, जहाँ दुवै पक्षले एक अर्काका बजारमा पहुँच बढाउने खाका तयार गर्न लक्ष्य राखेका थिए।

यसबाहेक, वार्ताहरूले सूक्ष्म, साना, र मध्यम उद्यमहरू , लैंगिकता, नवप्रवर्तन, महत्त्वपूर्ण खनिज, र खेलकुद जस्ता उदीयमान क्षेत्रहरूमा सहकार्यको सम्भावनालाई उजागर गरे। यी क्षेत्रहरू भारत र अष्ट्रेलियाबीचको भविष्यको आर्थिक सहयोगलाई प्रतिनिधित्व गर्छन्, जसमा दुवै राष्ट्रले बदलिँदो वैश्विक आर्थिक परिदृश्यमा अनुकूलनको आवश्यकता स्वीकार गरेका छन्।

अर्थव्यवस्थाको लामो इतिहास

अष्ट्रेलिया भारतको महत्त्वपूर्ण व्यापार र रणनीतिक साझेदार हो। दुवै देश १४ राष्ट्रहरूको इंडो प्यासिफिक आर्थिक फोरम फर प्रोसपेरिटी र त्रिपक्षीय आपूर्ति श्रृंखला लचिलोपन पहलको हिस्सा हुन्, जसले यस क्षेत्रको आपूर्ति श्रृंखला लचिलोपनलाई सुदृढ गर्ने अपेक्षा गरिएको छ।

भारत र अष्ट्रेलियाबीचको आर्थिक सम्बन्धको लामो इतिहास छ, जहाँ दुवै देशले २०११ मा व्यापक आर्थिक सहयोग सम्झौताका लागि वार्ता सुरु गरेका थिए। यद्यपि, नौ चरणका वार्ताहरू पछि, २०१६ मा वार्ता जटिलताका कारण र अन्य क्षेत्रीय व्यापार सम्झौताहरूलाई प्राथमिकता दिन आवश्यकताको कारण स्थगित गरियो।

यो प्रक्रिया सेप्टेम्बर २०२१ मा पुनर्जीवित भएको थियो, जब दुवै राष्ट्रहरूले औपचारिक रूपमा व्यापक आर्थिक सहयोग सम्झौता वार्ता पुनः सुरु गरेका थिए। प्रारम्भिक ध्यान आर्थिक सहयोग र व्यापार सम्झौता छिट्टै निष्कर्षमा पुऱ्याउनेमा केन्द्रित थियो, जुन अप्रिल २०२२ मा हस्ताक्षर गरिएको थियो र सोही वर्षको डिसेम्बरमा लागू भएको थियो। आर्थिक सहयोग र व्यापार सम्झौताले वस्तु र सेवाहरूमा द्विपक्षीय व्यापारलाई उदार बनाउने र गहिरो बनाउने उद्देश्य राखेको थियो, जसले व्यापक आर्थिक सहयोग सम्झौताको लागि आधार तयार गर्यो।

व्यापक आर्थिक सहयोग सम्झौता वार्ताहरूले अब आर्थिक सहयोग र व्यापार सम्झौताका परिणामहरूलाई आधार बनाएर दुवै देशबीचको आर्थिक सम्भावनाहरूको उपयोग गर्ने लक्ष्य राखेका छन्। भारत र अष्ट्रेलियाबीचको व्यापार सम्बन्ध हालका वर्षहरूमा उल्लेखनीय रूपमा बढेको छ, जहाँ वस्तु र सेवाहरूमा दुई-तर्फी व्यापारको मूल्य २०२२ मा ४६.५ अर्ब अमेरिकी डलर रहेको छ। भारत अब अष्ट्रेलियाको छैठौं ठूलो व्यापारिक साझेदार हो, र युवा तथा बढ्दो भारतीय अर्थतन्त्रले शिक्षा, कृषि, ऊर्जा, र स्वास्थ्य सेवाहरू जस्ता क्षेत्रहरूमा अष्ट्रेलियाली व्यवसायहरूका लागि ठूलो अवसरहरू प्रदान गर्छ।

१० औं चरणका वार्ताहरूमा भएको प्रगति उत्साहजनक भए तापनि, केही चुनौतीहरू बाँकी छन्। दुवै पक्षमा सम्बोधन गर्नुपर्ने घरेलु संवेदनशीलताहरू छन्, र दुवै देशलाई सन्तुष्ट पार्ने समतोल खोज्नु व्यापक आर्थिक सहयोग सम्झौताको सफलताको लागि महत्त्वपूर्ण हुनेछ। आगामी वार्ता, जुन नोभेम्बर २०२४ मा भारतमा हुने अपेक्षा गरिएको छ, यी फरक मतहरूलाई अझ घटाउने र अन्तिम सम्झौतामा पुग्न केन्द्रित हुनेछ।

समग्र व्यापार सम्झौता निर्माण गर्दै

व्यापक आर्थिक सहयोग सम्झौता ढाँचामा प्रस्तावित समग्र व्यापार सम्झौताको उद्देश्य पाँच व्यापक क्षेत्रहरू समेट्नु हो: वस्तु, सेवा, डिजिटल व्यापार, सरकारी खरिद, र उत्पत्तिका नियमहरूको अध्याय अन्तर्गत उत्पादन-विशिष्ट नियमहरू।

तर प्रतिस्पर्धा नीति, लघु, साना र मझौला उद्यमहरू, लैंगिकता, नवप्रवर्तन, कृषि प्रविधि, महत्त्वपूर्ण खनिज, र खेलकुद जस्ता नयाँ क्षेत्रहरूको समावेश व्यापक आर्थिक सहयोग सम्झौताको आर्थिक सम्बन्धको गतिशील र विकसित स्वभावलाई प्रतिबिम्बित गर्छ।

व्यापक आर्थिक सहयोग सम्झौता वार्ताहरूको सफल निष्कर्षले भारत-अष्ट्रेलिया आर्थिक साझेदारीमा नयाँ अध्यायको सुरुआत गर्नेछ, जसले भविष्यमा अझ गहिरो सहकार्यको सम्भावना तयार गर्न सक्छ। यस सम्झौताले दुवै देशमा व्यापार र लगानीलाई उल्लेखनीय रूपमा बढावा दिने सम्भावना छ, जसले व्यापार व्यवसायहरूका लागि नयाँ अवसरहरू सिर्जना गर्ने र इन्डो-प्यासिफिक क्षेत्रको व्यापक आर्थिक वृद्धि र विकासमा योगदान पुर्याउनेछ।

वार्ताहरू जारी रहेसँगै, दुवै पक्षमा आशावादको बलियो भावना छ। सन्तुलित र पारस्परिक लाभदायक सम्झौतामा पुग्ने प्रतिबद्धता स्पष्ट छ, र हालसम्म भएको प्रगतिले अन्तिम सम्झौता पहुँच भित्र हुनसक्ने संकेत गर्दछ।

आगामी केही महिना महत्त्वपूर्ण हुनेछन्, किनकि दुवै राष्ट्रले बाँकी अवरोधहरू पार गर्दै व्यापक आर्थिक सहयोग सम्झौता लाई पूरा गर्न काम गर्नेछन्।

अन्त्यमा, भारत र अष्ट्रेलियाबीच व्यापक आर्थिक सहयोग सम्झौता वार्ताको पुनःसुरुआत एक सकारात्मक विकास हो, जसले दुवै राष्ट्रबीचको बलियो आर्थिक सम्बन्धलाई उजागर गर्दछ। दुवै पक्षले आफ्नो साझेदारीलाई अझ गहिरो बनाउन देखाएको स्पष्ट प्रतिबद्धताले सफल र व्यापक व्यापार सम्झौताका सम्भावनाहरू उज्यालो बनाउँछ।


वार्ताहरू अगाडि बढ्दै जाँदा, यो महत्त्वपूर्ण आर्थिक सम्बन्ध कसरी विकास हुन्छ भन्ने कुरामा संसारको ध्यान केन्द्रित हुनेछ।

*– इण्डिया न्यूज नेटवर्क*




## जिल्ला समाचार

### तिज विशेष शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न



इमरान खान, कपिलवस्तु । नजिकिँदै गरेको हरितालिका तिज को अवसरमा सुपा देउराली महिला समूह कृष्णनगरको आयोजना तथा कपिलवस्तु कृष्णनगर नगरपालिकाको सहयोगमा शुकामना आदान प्रदान तथा दर खाने कार्यक्रम सम्पन्न भएको छ । कपिलवस्तुको कृष्णनगर नगरपालिका स्थित उद्योग वाणिज्य संघको हलमा आयोजित तिज बिषेश कार्यक्रम रमाइलो गरि सम्पन्न भएको छ ।

तिजको पावन अवसरमा महिलाहरु विभिन्न तिज गीतमा रमाइलो नाचगान गरि एक आपसमा शुभकामना आदानप्रदान गरेकि थिइन । प्रमुख अतिथिमा कपिलवस्तुको कृष्णनगर नगरपालिका उपप्रमुख आरती देवी चौधरी, अतिथिमा कृष्णनगर नगरपालिका वडा नं २ अध्यक्ष कृष्ण कुमार गुप्ता, डिएसपी शैलेन्द्र न्यौपाने, वृजेश कुमार गुप्ता , केशर विश्वकर्मा लगायत स्थानीय महिला, विभिन्न संघ संस्थाका प्रतिनिधि लगायतका उपस्थिति थियो ।

### सप्तरीको रूपनगरमा प्लाष्टिक प्रदूषण विरूद्ध अभियान शुरू



सप्तरी । रूपनगर क्याम्पसका विद्यार्थीहरूले प्लाष्टिक प्रदूषण विरूद्ध अभियान शुरू गरेका छन्। वातावरण र स्वास्थ्यलाई हानी पुऱ्याउने जथाभावी फालिएका प्लाष्टिक फोहर नियन्त्रण गर्ने अभियान अन्तर्गत् भाद्र १५ गते बिहान सप्तरी जिल्लाको रूपनगर चोक क्षेत्रबाट प्लाष्टिक फोहर सङ्कलन गरिएको हो ।

बाटो, नाला, खेतबारी, विद्यालय क्षेत्र, यत्रतत्र फालिएर प्रदूषण गरिरहेको ७ बोरा प्लाष्टिक फोहर सङ्कलन गरिएको जनाइएको छ ।

रूपनगर नन्दराज संग्रौला क्याम्पसका प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलको अगुवाइमा सञ्चालन गरिएको प्लाष्टिक प्रदूषण विरूद्धको अभियानमा क्याम्पस सञ्चालक समितिका सदस्य हेम प्रसाद अधिकारीको सक्रिय सहभागिता थियो। क्याम्पसका शिक्षक, विद्यार्थी, कर्मचारी लगायत पत्रकार तथा स्थानीयहरू समेतको उत्साहजनक सहभागिता उक्त कार्यक्रममा थियो ।

रूपनगर क्याम्पसका केही जागरूक विद्यार्थीहरूको समूह 'रूपनगर युथ स्क्वाड' को व्यानरमा आयोजित सो अभियानमा सङ्कलित प्लाष्टिक फोहरबाट 'इको-ब्रिक' बनाइने जानकारी 'रूपनगर युथ स्क्वाड' का संयोजक आफताब अलीले दिनु भएको छ। संयोजक अलीका अनुसार 'प्लाष्टिक फोहरलाई प्लाष्टिककै बोतलमा भरेर, खाँदेर बनाइने 'इको-ब्रिक' बाट सार्वजनिक स्थलमा बस्ने मुढा, बेञ्च, कुर्शी आदि बनाउने कार्यक्रम हो यो।'

आफताब अलीले दिएको जानकारी अनुसार 'प्लाष्टिक प्रदूषण विरूद्ध जुटौं' भन्ने नारा रहेको यो अभियानका लागि पुरक एशिया नामक अन्तर्राष्ट्रिय संस्थाले प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराएको छ। 'प्लाष्टिक प्रदूषण विरूद्धको यो अभियान आज एक दिनका लागि मात्र होइन, यसलाई हामी निरन्तर जारी राख्ने छौं,' अली भन्छन्। प्लाष्टिक फोहर बटुलेर इको ब्रिक बनाइ सार्वजनिक विश्राम स्थल, फूलबारी सजावट जस्ता उपयोगी काममा प्रयोग गरिने यो अभियानले प्लाष्टिक प्रदूषण नियन्त्रण गर्न मद्दत पुग्ने विश्वास क्याम्पस प्रमुख प्राध्यापक गजुरेलको छ। स्वच्छ, स्वस्थ्य र हरियो भविष्यको यो अभियानमा सहभागी हुन र सहयोग गर्न चाहने वातावरण प्रेमीहरूले रूपनगर क्याम्पसमा सम्पर्क गर्न सकिने जानकारी प्राध्यापक गजुरेलले दिएका छन् ।

### भरूवा बन्दुक बनाउने विभिन्न सामानसहित एक जना पक्राउ

बाँके, १९ भाद्र । डुडुवा गाउँपालिका-६ शिख्नपुरूवा बस्ने २४ वर्षीय लक्ष्मण सिंह शिखलाई भरूवा बन्दुक बनाउने विभिन्न सामान सहित मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ । उनको घरमा भरूवा बन्दुक बनाउन प्रयोग हुने सामानहरू रहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले घर तलासी गर्दा भरूवा बन्दुकको नाल १ थान, बनाउँदै गरेको भरूवा बन्दुकको चित्र भएको काठ २ थान, भरूवा बन्दुक बनाउन प्रयोग हुने नाल ४ थान, फलामको गज १ थान, छर्रा, बारूद र जंगली जनावरको खोपडी सहितको सिङ १ थान फेला पारी उनलाई पक्राउ गरेको हो ।

# भारतबाट एनडीसी प्रतिनिधिमण्डलको नेपाल भ्रमण



काठमाडौं । विदेशी मित्रराष्ट्रहरु अष्ट्रेलिया, भुटान, जापान, कजाकिस्तान, ओमान र अमेरिका तथा भारतका निजामती सेवा र रक्षा बलका २१ जना वरिष्ठ अधिकारीहरु सम्मिलित राष्ट्रिय रक्षा महाविद्यालय (नेशनल डिफेन्स कलेज) को ६४ औं कोर्षको एक प्रतिनिधिमण्डलले भाद्र १६ गतेदेखि २० गतेसम्म नेपालको पाँचदिने भ्रमण गरेको छ ।

रियर एड्मिरल सन्दीप एस सन्धु, एनएम, सिनियर डाइरेक्टिङ्ग स्टाफ (भारतीय नौसेना) ले नेतृत्व गरेको भ्रमण टोलीले नेपालका प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा र रक्षामन्त्री मानवीर राईसँग शिष्टाचार भेटवार्ता गरेको छ ।

उक्त भ्रमण टोलीले नेपाली सेनाका कायममुकायम प्रधानसेनापति अशोकराज सिग्देलसँग पनि भेट गरी द्विपक्षीय सैन्य सहकार्यका विषयमा छलफल गरेको थियो । टोलीले काठमाडौंस्थित नेपाली सेनाको मुख्यालय र पश्चिम पृतना हे.क्वा. को भ्रमण गरी रक्षा सहकार्य प्रवर्द्धन हेतु विभिन्न पक्षमाथि छलफल गरेको थियो । उच्च राष्ट्रिय निर्देशन तथा रणनीतिका व्यापक पक्षहरूबारे वरिष्ठ रक्षा र निजामती सेवा अधिकारीहरूका लागि भारतको राष्ट्रिय रक्षा महाविद्यालय विश्वकै प्रमुख प्रशिक्षण संस्थाहरू मध्ये एक हो।

विदेशी मित्र राष्ट्रका सशस्त्र बलका अधिकारीहरू पनि उक्त कोर्षमा सहभागी छन्। हाल नेपाली सेनाका चार जना अधिकृतहरु यस प्रतिष्ठित कोर्षमा सहभागी छन् भने नेपाली सेनाका निवर्तमान प्रधानसेनापति प्रभुराम शर्मासहित नेपाली सेनामा कार्यरत १५ जना अधिकृतहरु यस सम्मानित संस्थाका विशिष्ट पूर्व छात्र हुन्।

राष्ट्रिय रक्षा महाविद्यालय, नयाँ दिल्लीबाट प्रशिक्षित भएका नेपाली सेनाका अधिकारीहरुले आ-आफ्नो विशेषज्ञताका क्षेत्रमा महत्त्वपूर्ण नियुक्तिहरू पाएका छन् ।

# अतिक्रमण तथा प्रदूषण मुक्त दुग्धमती अभियान

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहको अध्यक्षतामा बुधबार बिहान बसेको बैठकले ऐतिहासिक तथा धार्मिक महत्त्वको दुग्धमती नदीको प्राकृतिक बहाव क्षेत्र पहिचान गरी सीमा निर्धारण तथा उत्खनन् गर्ने निर्णय गरेको छ । मुख्यमन्त्रीको मधेश भवनस्थित सरकारी निवासमा बसेको बैठकले धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-५ स्थित दुग्धमती नदीको उद्गमस्थलदेखि भारतीय सीमासम्मको २९ किलोमिटरसम्म नदी अतिक्रमण हटाउने निर्णय गरेको हो ।

सो उच्चस्तरीय बैठकले विसं २०२४/२०२६ मा भएको नापीका आधारमा दुग्धमती नदीको सीमा यकिन गर्ने तथा सो कार्यका लागि आवश्यक प्राविधिक तयारी गर्न प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयलाई जिम्मा दिइएको छ ।

विभिन्न धार्मिक ग्रन्थका अनुसार अत्यन्त पवित्र मानिएको र पवित्र स्नान तथा पूजाआजाको लामो परम्परा रहेको नदी उद्गमस्थलदेखि तीन-चार किलोमिटरसम्म पूर्णतः अतिक्रमण र त्यसभन्दा दक्षिणतिर आंशिक अतिक्रमणको शिकार रहेको अवस्था दुःखद र दुर्भाग्यपूर्ण रहेको ठहर गर्दै मुख्यमन्त्री सिँहले अतिक्रमणमुक्त दुग्धमतीको योजना कार्यान्वयन गर्ने गृहकार्य थालेका थिए । त्यसअन्तर्गत नदीको साबिक सीमा यकिन गर्ने, उत्खनन् गर्ने र प्रदूषणमुक्त बनाउन प्रदेश सरकारले अग्रसरता लिने टुंगोमा उनी पुगेका थिए ।

बैठकले अतिक्रमणमुक्त र प्रदूषणमुक्त दुग्धमती नदी अभियान तीव्र गतिमा बढाउने निर्णय गरेको छ । प्रदेश सरकारको सो अभियानमा अन्य सरोकारवालाको समेत सहभागिता रहनेछ ।

बैठकमा ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादव, प्रदेशका प्रमुख सचिव लोकनाथ पौड्याल, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शितल साह, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव जक्की अहमद अन्सारी, धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया, नेपाल प्रहरीका नायब महानिरीक्षक यज्ञविनोद पोखरेल, सशस्त्र प्रहरी बलका नायब महानिरीक्षक कालीदास धौवजी, सडक डिभिजन कार्यालय जनकपुरका डिभिजन प्रमुख दिपककुमार झा, धनुषाका प्रमुख मालपोत अधिकृत विष्णुप्रसाद सिटौला, धनुषाका नापी अधिकृत कामेश्वर राउत लगायत सहभागी रहेका थिए ।

बैठकलगत्तै मुख्यमन्त्री सिँहसहित बैठकका सहभागीहरू नदीको उद्गमस्थल र नदी प्रणालीको अवलोकन तथा निरीक्षण गरेका थिए ।

## आर्थिक समाचार

# ग्लोबल आइएमई बैंक र एमएडब्लु वृद्धि मोटर्स तथा एमएडब्लु वृद्धि अटोकर्प बिचसम्झौता

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेड, एमएडब्लु वृद्धि मोटर्स तथा एमएडब्लु वृद्धि अटोकर्प बिच सहजरुपमा विद्युतीय सवारी कर्जा प्रवाह गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त समझदारी पत्रमा बैंकका साना, मझौला, खुद्रा तथा कृषि कर्जा विभाग प्रमुख नरहरि सिलवाल र एमएडब्लु वृद्धि मोटर्स प्रा.लि. तथा एमएडब्लु वृद्धि अटोकर्प मोटर्स प्रा.लि.का ग्रुप डाइरेक्टर गोपालकुमार अग्रवालले हस्ताक्षर गर्नुभएको छ ।

समझदारी अनुसार एमएडब्लु वृद्धि मोटर्स एवम् एमएडब्लु वृद्धि अटोकर्प मोटर्स तथा कम्पनीका आधिकारिक विक्रेताले विक्री गर्ने विद्युतीय गाडीहरु दीपल, सेरेस र नाम्मी खरिद गर्ने व्यक्ति वा कम्पनीहरुले आवश्यक कागजातसहित बैंकमा निवेदन दिएको ३ कार्यदिन भित्र सरल ब्याजदरमा कर्जा उपलब्ध गरिनेछ । दीपल र सेरेस ब्राण्डका विद्युतीय गाडीहरु नेपाली प्रयोगकर्ताहरुमाझ लोकप्रिय रहेको छ र उक्त कम्पनीले नाम्मी ब्राण्डको नयाँ विद्युतीय गाडी नेपाली बजारमा विक्री सुरुवात गरीसकेको छ ।

ग्रिन फाइनान्सिङ प्रवर्द्धन गर्न बैंकले विद्युतीय सवारी साधनलाई सर्वसुलभ व्याजदरमा कर्जा प्रवाह गर्दै आएको छ । ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न किसिमका समयसान्दर्भिक योजनाहरु ल्याएर ग्राहकहरुलाई लाभान्वित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानाडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

# बलिउड निर्देशक कश्यप र अभिनेता नवाजुद्दिन नेपाल आउँदै



काठमाडौं । बलिउड निर्देशक अनुराग कश्यप र अभिनेता नवाजुद्दिन सिद्दीकी फिल्म 'शम्भाला'को प्रिमियरमा सहभागी हुन नेपाल आउँदैछन्। मीनबहादुर भामको निर्देशनमा बनेको यो फिल्मको नेपाल प्रिमियर भदौ २३ मा काठमाडौंमा हुँदैछ, जसका लागि उनीहरू भदौ २२ मा नेपाल आइपुग्ने छन्।

निर्देशक भाम र नवाजुद्दिनको पहिलो भेट बर्लिन फिल्म फेस्टिभलमा भएको थियो, जहाँ नवाजुद्दिनले 'शम्भाला' हेर्ने इच्छा व्यक्त गरेका थिए। त्यस समयमा उनीहरूबीच सँगै काम गर्ने कुराकानी पनि भएको थियो। यसपटक, नवाजुद्दिन र अनुराग कश्यप विशेष अतिथिको रूपमा प्रिमियरमा उपस्थित हुनेछन्,' फिल्मका एसोसियट निर्माता मिन्सो लिम्बूले बताए।

'शम्भाला' बर्लिन फिल्म फेस्टिभलको प्रमुख प्रतिस्पर्धामा छनोट हुने पहिलो नेपाली फिल्म बनेको थियो। हालै, यस फिल्मकी प्रमुख अभिनेत्री थिन्ले ल्हामोले लोकार्नो फिल्म फेस्टिभलमा उत्कृष्ट अभिनयका लागि 'बोक्कालिनो डिओर' अवार्ड जितेकी छन्। फिल्म नेपालमा भदौ २८ देखि प्रदर्शनमा आउँदैछ।

# सांसद खानले अवधी भाषामा सुनाए अवधी समाजका नागरिकको समस्याहरू



काठमाडौं । जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष एवं प्रतिनिधिसभा सदस्य अब्दुल खानले संघीय संसदमा अवधी समाजका नागरिकका समस्या र समाधानबारे सरकारलाई ध्यानाकर्षण गराएका छन् ।

मंगलबारको प्रतिनिधिसभा बैठकमा बोल्दै सांसद खानले गणतान्त्रिक लोकतन्त्र स्थापनाका लागि भएका आन्दोलनमा अवधी समाजका नागरिकको धेरै योगदान रहँदा राज्यका कुनै पनि अंगमा समानुपातिक समावेशिता नभएको भन्दै दुःख व्यक्त गरेका हुन् ।

उनले आजको समयमा पनि अवधी समाज शैक्षिक, आर्थिक, सामाजिक र राजनीतिक रुपमा धेरै नै पछाडि रहेको भन्दै अवधी समाज धेरै समस्यामा रहेको कुरा सदनमा सुनाए । उनले अवधी समाजको शिक्षा र आर्थिक रुपमा पछाडि परेको भन्दै यसको समाधानका उपायबारे पनि औंल्याएका छन् ।


चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं ।

हाम्रा सांस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।

मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड








पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं